# दैनिक प्रार्थना निर्देशिका

## धर्मशास्त्रको प्रार्थनाको *लागि*

डा. एलन ब्राउन

shepherds
GLOBAL CLASSROOM

प्रतिलिपि अधिकार © २०१२ सेफर्ड्स ग्लोबल क्लासरूम
पहिलो संस्करण ISBN: 978-1-943953-49-3

सर्वाधिकार सुरक्षित सेफर्ड्स ग्लोबल क्लासरुमको (एस.जी.सी.) लिखित अनुमति बिना यस पुस्तकको कुनै पनि भाग —विद्युतीय, यान्त्रिक, फोटोकपी, रेकर्डिङ वा अन्य— कुनै पनि माध्यमबाट कुनै पनि रूपमा पुनरुत्पादन वा प्रसारण गर्न पाइने छैन । हाम्रो एस.जी.सी. अंग्रेजी तथा नेपाली पाठ्यक्रमको प्रत्येक खरीदले हामीलाई विश्वभरका ईसाई अगुवाहरूलाई यही पाठ्यक्रम अनुवाद गर्न र फलाउन सक्षम बनाउँदछ । एस.जी.सी. लाई सम्पर्क गर्न वा यो सशक्त दर्शनमा दान गर्न www.shepherdsglobal.org. मा जानुहोस् ।

अन्यथा संकेत नगरेसम्म, धर्मशास्त्रका सबै उद्धरणहरू नेपाली नयाँ संशोधित संस्करण (NNRV) पवित्र बाइबलबाट हुन् ।

अवधारणा डिजाइन: ब्रान्डन हिलिगोस
आवरण डिजाइन: शेन मुइर
सम्पादकीय लेआउट: एज्रा मोर्ले

# विषय–सूची


**प्रार्थनाका पदहरू** ४

१. सोमवार ९

२. मंगलवार २१

३. बुधवार ३३

४. बिहिवार ४३

५. शुक्रवार ५५

६. शनिवार ६७

७. आइतवार ७७

**धर्मशास्त्र सुची** ८८

# प्रार्थनाका पदहरू

येशूले आफ्नो नमूना प्रार्थनामा हामीलाई दिनुभएको अनुक्रमलाई तलका प्रार्थनाहरूले पछ्याउँदछ। परमेश्वरको वचनलाई कसरी ग्रहण गर्ने र त्यसलाई व्यक्तिगत प्रार्थनामा कसरी रूपान्तरण गर्ने भन्ने उदाहरणको रूपमा तिनीहरूलाई प्रस्तुत गरिएको छ। धर्मशास्त्रलाई अझ व्यक्तिगत बनाउनको लागि, प्रथम पुरुष एकवचन व्यक्तिगत सर्वनामहरू (म, मलाई, मेरो) प्रयोग गरिएका छन्।

मेरो विचारमा परमेश्वर आफैले हामीलाई दिनुभएको भाषा प्रयोग गरेर गर्ने प्रार्थनाले परमेश्वरको इच्छालाई अझ राम्ररी प्रतिबिम्बित गर्दछ भनेर हामी ढुक्कसँग भन्न सक्छौं। परमेश्वर आफैले जे पूरा गर्छु भनि प्रतिज्ञा गर्नुभएको भावलाई व्यक्त गर्ने प्रार्थना भन्दा अरू त्यस्तो कुनै प्रार्थना छैन जुन निश्चित रूपमा स्वीकृत हुन्छ। परमेश्वरले पहिल्यै आज्ञा दिनुभएको कुराको बिन्ती गर्ने गर्ने निवेदन भन्दा बढी जवाफ अरू कुनै त्यस्तो बिन्ती छैन जसको जवाफ पाउन निश्चित पाउन सकिन्छ। अनि परमप्रभुका वचनहरू खोटरहित छन्, ती शुद्ध चाँदीजस्ता छन्, जो सात पल्ट माटोको भट्टीमा खारेर शुद्ध पारिएको छ। (भजनसंग्रह १२:६) आफ्नो प्रार्थनामा उहाँका शब्दहरू प्रयोग गर्न सिक्नुहोस्। धर्मशास्त्रका प्रतिज्ञाहरू र आज्ञाहरूको प्रार्थना गर्नुहोस्। जब हामी परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्छौं भने उहाँले हाम्रा प्रार्थनाहरू सुन्नुहुन्छ र जवाफ दिनुहुनेछ भन्ने निश्चयता दिनुहुन्छ (१ यूहन्ना ५:१४, १५)।[१]

## प्रार्थना निर्देशिकाको प्रयोग

के प्रार्थना निर्देशिकाको प्रयोग तपाईंको लागि नयाँ अनुभव हो? यदि हो भने, सायद यहाँ केहि सुझावहरू क्रमबद्ध रूपमा दिईएका छन्, यो प्रार्थना

---

१ टेरी एल. जानसन "लीडिंग इन पब्लिक प्रेयर," *वेस्टमिन्सटर थियोलजिकल जर्नल* ६०:२ (शरद ऋतु, १९९८)

निर्देशिका हप्ताको सात दिनको वरिपरि आयोजना गरिन्छ । प्रत्येक दिनलाई ६ वटा मुख्य खण्डहरूमा विभाजन गरिएको छ (आराधना र उपासना, अन्तरबिन्ती, निवेदन, पाप–स्वीकार, आत्मिक लड़ाईं, र प्रशंसा र धन्यवाद), जसमा ९ उपश्रेणीहरू छन् (परमेश्वरसँगको हाम्रा *सम्बन्ध*, उहाँको *राज्यसत्ता,* उहाँको *प्रतिष्ठा,* उहाँको *शासन,* उहाँको *नियाम,* हाम्रा लागि उहाँका *स्रोतहरू, मेलमिलाप* को आवश्यकता, परमेश्वर हाम्रो *शरणस्थान* हुनुहुन्छ, र *आनन्दित* हुनु पर्ने अपरिहार्यता) ।

## परमप्रभुसँग समय बिताउनुहोस्

तपाईं परमप्रभुसँग कति समय बिताउन चाहनुहुन्छ? उदाहरणका लागि, यदि तपाईंले ९ उपश्रेणीहरूमध्ये प्रत्येकबाट एक–एक मिनेट मनन र प्रार्थना गर्नुभयो भने त्यो ९ मिनेट हुनेछ । प्रत्येक श्रेणीबाट दुई मिनेट गरेर जम्मा अठार मिनेट हुनेछ । प्रत्येक श्रेणीमा तीन मिनेट बिताउँदा जम्मा सत्ताईस मिनेट हुनेछ । तपाईंसँग भएको समयको मात्राअनुसार हरेक दिन परमेश्वरसितको आफ्नो सम्बन्धलाई बलियो बनाउन पन्ध्रदेखि तीस मिनेट वा त्योभन्दा बढी स्फूर्तिदायी, लाभदायक र आनन्ददायी समय बिताउन सजिलो हुन्छ ।

तपाईं प्रार्थनामा कति समय बिताउनुहुन्छ त्यो तपाईं र पवित्र आत्मा माथि निर्भर हुन्छ । निस्सन्देह, तपाईंले प्रार्थनाको आनन्द उठाउन जति धेरै सिक्नुहुन्छ, त्यति नै धेरै समय तपार्ई परमेश्वरसित बिताउन चाहनुहुन्छ । यो प्रार्थना निर्देशिका प्रयोग गरेर मलाई सबैभन्दा बढी प्रभावित पारेको कुरा के हो भने मेरो प्रार्थनाको समय कत्तिको अर्थपूर्ण, आनन्ददायी र बाइबल अनुसार भएको छ । मलाई आशा छ यो पनि तपाईंले अनुभव गर्नुहुनेछ । याद गर्नुहोस्, म्याथ्यू हेनरी र जोन वेस्लीलगायत विगतका थुप्रै आत्मिक दिग्गजहरूले तिनीहरूलाई दिनहुँ प्रयोग गर्थे ।

## प्रार्थना निर्देशिकामा हतार नगर्नुहोस्

परमेश्वरसित कुरा गर्ने समयको लागि अर्थात प्रार्थनाको लागि बाइबललाई मार्गदर्शकको रूपमा कसरी प्रयोग गर्ने भनेर सिक्न यो प्रार्थना निर्देशिका तयार पारिएको हो। बाइबलले परमेश्वरको बारेमा, आफ्नो छिमेकिलाई प्रेम गर्ने र क्षमा दिने बारेमा, र हाम्रो आफ्नै बारेमा के सिकाइरहेको छ भनेर विचार गर्नुहोस। प्रतिज्ञाहरूमा मनन गर्नुहोस्। तपाईंको प्रार्थना–समयलाई यान्त्रिक वा नित्य–कर्म बन्न नदिनुहोस्।

यी प्रार्थनाहरू तपाईंको मन र हृदयलाई पूर्ण तवरमा संलग्न नगरी भन्न वा प्रार्थना गर्न सकिँदैन। परमेश्वरलाई प्रत्येक वचनमा हार्दिक निष्कपटता र र्ईमानदारीता साथ ध्यान केन्द्रित गर्न मद्दत गरिदिनुहोस् भनी बिन्ती गर्नुहोस्। प्रार्थनामा कहिँ पनि थाम्न र आफ्नै विचारहरू थप्न स्वतन्त्र महसुस गर्नुहोस् । परमेश्वरलाई आफ्नो हृदय कसरी खन्याउने भनेर सिक्नुहोस् (भजनसंग्रह ६२:८)। यसलाई व्यक्तिगत बनाउनुहोस्। तपाईंको प्रार्थना–समय आफैलाई नम्र तुल्याउने र परमेश्वरको नजिक आउने समय हुन दिनुहोस् (याकूब ४:६-८)। याद गर्नुहोस्, तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्। किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ। (यूहन्ना ४:२३) सच्चा आराधक हुन मद्दत गरिदिनुहोस् भनेर परमेश्वरलाई बिन्ती गर्नुहोस्।

## तपाईंको आफ्नै प्रार्थना निर्देशिका विकास गर्नुहोस्।

प्रार्थनाको नमुनाको रूपमा प्रभुको प्रार्थनालाई कसरी प्रयोग गर्ने भनेर सिक्दै जाँदा तपाईं आफ्नै प्रार्थना निर्देशिका विकास गर्ने इच्छा गर्न सक्नुहुन्छ। हरेक वर्ष बाइबल पढ्दै जाँदा तपाईंको ह्दयसँग विशेष तरिकामा कुरा गर्ने पदहरू पाउनुहुनेछ। ती पदहरू लिनुहोस् र तिनीहरूलाई प्रार्थना र परमेश्वरको प्रशंसामा बदल्नुहोस्।

## परमेश्वरसितको सम्बन्ध विकास गर्नुहोस्

तपाईंको प्रार्थना समयलाई परमेश्वरसितको आफ्नो सम्बन्ध विकास गर्ने एउटा माध्यमको रूपमा लिनुहोस्। यदि तपाईंले आफ्नो प्रार्थनालाई आकार दिन धर्मशास्त्र प्रयोग गर्नुहुन्छ भने, यसरी प्रार्थना गर्दा तपाईले परमेश्वरलाई अनुभव गर्ने तरिका र उहाँको बारेमा तपाईंको सोच्ने तरिका दुवैमा परिवर्तन ल्याउनेछ भनेर तपाईंले थाहा पाउनुहुनेछ। केवल थोरै मानिसहरूले संरचनाबिनाको निरन्तर र अर्थपूर्ण प्रार्थना जीवन विकास गर्छन्। प्रभुको प्रार्थनाले संरचना प्रदान गर्न दिनुहोस्।

# सोमबार

## आराधना/उपासना

**"हाम्रो पीता" — परमेश्वरसँग हाम्रो *सम्बन्ध***

प्रिय स्वर्गीय पिता,

म येशूको नाउँमा तपाईंको ईश्वरीय उपस्थितिमा प्रवेश गर्छु (एफिसी २:१८)। तपाईं र तपाईंको पुत्र येशू, (१ यूहन्ना १:४) र पवित्र आत्मासित (फिलिप्पी २:१) सङ्गति गर्न मलाई निमन्त्रणा दिनुभएकोमा म आनन्दित भएको छु।

तपाईंले मलाई साहससँग अनुग्रहको सिंहासन नजिक आउन निमन्त्रणा दिनुहुन्छ ताकि मैले खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकूँ (हिब्रू ४:१६)।

म तपाईंलाई धन्यवाद चढाउँछु किनकि तपाईं करुणाले भरिपूर्ण हुनुहुन्छ (भजनसंग्रह १०३:१३)। परमप्रभुको महान् प्रेमले गर्दा हामी भस्म भएका छैनौं, उहाँका कृपाको अन्त कहिल्यै हुँदैन।  हरेक बिहान उहाँको कृपा नयाँ हुन्छ। तपाईंको विश्वस्तता महान् छ। (विलाप ३:२२–२३)

धर्मशास्त्रले भन्छ, स्वर्गसम्म को उक्लेको छ र तल ओर्लेर आएको छ? कसले बतासलाई आफ्नो हातको मुट्ठीमा बटुलेको छ? कसले पानीलाई आफ्नो खास्टोमा लपेटेको छ? पृथ्वीका चारैतिरको अन्तसम्म कसले स्थापित गरेको छ? उहाँको नाउँ के हो, र उहाँका पुत्रको नाउँ के हो? यदि तँलाई थाहा छ भने मलाई भन्! (हितोपदेश ३०:४)

हे पिता, म तपाईंको प्रशंसा गर्छु किनकि येशू तपाईंको पुत्र हुनुहुन्छ भनेर म जान्दछु। अनि म खुशीसाथ तपार्इंको आज्ञा पालन गर्छु ताकि सबैले पुत्रको आदर गरून्, जसरी तिनीहरूले पिताको आदर गर्दछन्। पुत्रको आदर नगर्नेले उसलाई पठाउनुहुने पिताको पनि आदर गर्दैन। (यूहन्ना ५:२३)

प्रभु येशू, संसारको सृष्टि हुनुहन्दा अघि पितासित भएको महिमालाई अलग्गै राख्नुभएकोमा (यूहन्ना १७:५)र संसारको मुक्तिदाता हुनुभएकोमा (१यूहन्ना ४:१४)।

उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि। (१ यूहन्ना २:२)

तपाईं मेरो अपराधहरूका निम्ति छेड़िनुभयो। तपाईं मेरो अधर्मका निम्ति पेलिनुभयो। मैले परमेश्वरसित शान्ति कायम गर्न सकूँ भनेर तपाईंलाई पिटियो। तपाईंको कोर्राको चोटले नै म आत्मिक तवरमा निको भएको छु (यशैया ५३:५)।

हे प्रभु येशू, म तपाईंको प्रशंसा गर्दछु किनकि तपाईं मृत्यु र नरकमाथि विजयी भएर चिहानबाट जीवितभई उठ्नुभयो (प्रकाश १:१८) यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड़ौं। (रोमी ६:४)

हे पवित्र आत्मा, म तपाईंलाई आराधना गर्छु।

तपाईंको पवित्र उपस्थितिले मलाई फेरी नयाँ र ताजा तरिकाले भर्नुहोस् (एफिसी ५:१८)

परमेश्वरलाई खुसी पार्न चाहने हरेक व्यक्तिलाई तपाईंले सान्त्वना दिनुहुन्छ (प्रेरित ९:३१), बलियो पार्नुहुन्छ (एफिसी ३:१६), र डोर्याउनुहुन्छ (रोमी ८:१४)। मलाई तपाईंसँग कसरी हिंड्ने भनेर जान्न मद्दत गर्नुहोस्।

तपाईंले संसारलाई पाप, परमेश्वरको धार्मिकता र आउँदै गरेको न्यायको विषयमा दोषी ठहराउनुहुन्छ (यूहन्ना १६:८)।

मेरो जीवनको हरेक क्षेत्रमा तपाईंको नेतृत्वप्रति समर्पित हुन मलाई सिकाउनुहोस् (गलाती ५:२४)।

मेरो जीवनमा तपाईंको काममा बाधा पुर्याउने सबै कुराहरूबाट मलाई शुद्ध पार्नुहोस्। आज म तपाईंलाई कुनै पनि प्रकारले दु:खी नपारूँ (एफिसी ४:३०)।

**"जो स्वर्गमा हुनुहुन्छ" — परमेश्वरको *राज्यसत्ता***

*स्वर्ग एउटा ठाउँ हो। यो त्यहीँ छ जहाँ परमेश्वरको सिंहासन छ। तैपनि हामीले परमेश्वरको उपस्थितिलाई स्वर्ग मात्र सीमित ठान्नु हुँदैन। उहाँ सर्वव्यापी हुनुहुन्छ ("सबै ठाउँमा उपस्थित" – भजनसंग्रह १३९:७-१२)। यद्यपि, परमेश्वर अरू ठाउँमा भन्दा केही ठाउँमा बढी उपस्थित हुनुहुन्छ भनिएको छ। परमेश्वर स्वर्गमा हुनुहुन्छ भन्ने कुराले उहाँ पृथ्वीका स्रोतसाधनहरूमा मात्र सीमित हुनुहुन्न भन्ने कुरालाई संकेत गर्छ। उहाँ सार्वभौम हुनुहुन्छ र उहाँसँग असीमित स्रोतहरू छन्। यसबाहेक, "स्वर्ग" ले सिद्धताको कुरा गर्छ र यसले मलाई परमेश्वर पितृत्वको सिद्धता हुनुहुन्छ भनेर सम्झाउँछ।*

हे स्वर्गीय पिता, म तपाईंको प्रशंसा गर्छु किनकि तपाईंले "आफ्नो सिंहासन स्वर्गमा स्थिर गर्नुभएको छ, र उहाँको प्रभुत्वले सबैमाथि शासन गर्द" (भजनसंग्रह १०३:१९)।

तपाईं "माथि स्वर्गमा र तल पृथ्वीमाथि परमेश्वर हुनुहुन्छ र तपाईं बाहेक अरू कोही छैन" (व्यवस्था ४:३९; उत्पत्ति २४:३)।

आकाशहरू, सर्वोच्च आकाशमण्डलहरू, र पृथ्वी र त्यसमा भएका जे-जति छन्, ती सबै परमप्रभु तिमीहरूका परमेश्वरकै हुन्। (व्यवस्था १०:१४) "तर के परमेश्वर निश्चय नै पृथ्वीमा वास गर्नुहुन्छ र? स्वर्गहरू, स्वर्गभन्दा पनि उच्च स्वर्गमा तपाईं अटाउनुहुन्न भने, मैले निर्माण गरेको यो मन्दिरमा त झन् कसरी अटाउनुहुन्छ! (१ राजाहरू ८:२७)

आफ्नो पवित्र वासस्थान स्वर्गबाट हेरेर आफ्नो प्रजा इस्राएललाई आशिष् दिनुहोस्, र तपाईंले हाम्रा पुर्खाहरूसित शपथ खानुभई प्रतिज्ञा गरेर हामीलाई दिनुभएको दूध र मह बग्ने देशलाई पनि आशिष्दिनुहोस्।" (व्यवस्था २६:१५)

पीता, तपाईंले भन्नुभयो, धन्यका हुन्तिनीहरू, जसले उहाँका कानून पालन गर्दछन्, र उहाँलाई सम्पूर्ण हृदयले खोज्दछन्। (भजनसंग्रह ११९:२)

म आफ्नो सम्पूर्ण हृदयले तपाईंलाई खोज्छु, तपाईंका आज्ञाहरूबाट मलाई बह्केर जान नदिनुहोस्। तपाईंको विरुद्धमा पाप नगरूँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु। (भजनसंग्रह ११९:१०–११)

तपाईं स्वर्गको शाही राजा र मेरो जीवनको राजा हुनुहुन्छ।

**"तपाईं नाउँ पवित्र होस्" – परमेश्वरको *प्रतिष्ठा***

*परमेश्वरको स्वभाव (परमेश्वर जे हुनुहुन्छ र गर्नुहुन्छ) पवित्र छ। जब हामी ईसाई भएको दाबी गर्छौं भने हामी येशू ख्रीष्टद्वारा उहाँसँगको सम्बन्धलाई पनि दाबी गर्छौं। किनभने परमेश्वर पवित्र हुनुभएकोले हामी हाम्रा सबै मनोवृति र कार्यहरूमा पवित्र हुनुपर्छ (१ पत्रुस १:१५, १६)। अरूले उहाँबारे के सोच्छन् भन्ने कुरामा हामी प्रभाव पार्छौं। उहाँको प्रतिष्ठा हाम्रो हातमा छ।*

के पिता, तपाईं जे हुनुहुन्छ र जे गर्नुहुन्छ त्यो सबै पवित्र छ। तपाईंझै को छ र— "पवित्रामा अति महान्, महिमामा भययोग्य, र उदेकका कर्म गर्नुहुने।" (प्रस्थान १५:११)।

किनकि सदासर्वदा जीवित हुनुहुने, उच्च र श्रेष्ठ, जसको नाउँ पवित्र हो, उहाँ भन्नुहुन्छ, "म उच्च र पवित्र ठाउँमा बस्दछु," (यशैया ५७:१५क)

विनम्रको आत्मा जागृत गराउन र पश्चात्तापीको हृदय जागृत गराउन, त्यससँग पनि बस्दछु जो आत्मामा पश्चात्तापी र विनम्र छ।" (यशैया ५७:१५ख)

पश्चात्तापी र नम्र हुन मलाई मद्दत गर्नुहोस् ताकि तपाईंको पवित्र उपस्थिति मसँग बास गर्नेछ र मेरो हृदयलाई पुनर्जीवित गर्नेछ।

हे पिता, आज मलाई यस्तो तरिकामा जीवन जीउन मद्दत गर्नुहोस् जसले तपाईंको पवित्रताबाट विचलित गर्नेछैन। तपाईंको प्रतिष्ठा मेरो हातमा छ

किनभने म ईसाई हुँ भनेर दाबी गर्छु । म जे गर्छु वा भन्छु, त्यसले तपाईंको पवित्र नाउँको निन्दा नगरूँ (रोमी २:१४) ।

मानिसहरूले तपाईंको पवित्रता देख्नसकून—ख्रीष्टको जस्तो चरित्र र कार्यहरू—मेरो जीवनबाट चम्किरहेको देख्न सकून्, जस्तो मलाई तपाईंको आज्ञा छ, "तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ" ( १ पत्रुस १:१५)

## अन्तरबिन्ती

**"तपाईंको राज्य आओस्" — परमेश्वरको *राज्य***

परमप्रभुले राज्य गर्नुहुन्छ, पृथ्वी हर्षित होस्" (भजनसंग्रह ९७:१) ।

परमप्रभुले राज्य गर्नुहुन्छ, जाति-जातिहरू कम्पायमान होऊन् । उहाँ करूबहरूका बीचमा विराजमान हुनुहुन्छ, पृथ्वी हल्लिउठोस् । (भजनसंग्रह ९९:१)

हे पिता, म तपाईंको आराधना गर्छु र तपाईंको प्रशंसा गर्छु किनभने तपाईं सार्वभौम हुनुहुन्छ ! तपाईंले पृथ्वीका सबै जातिहरूमाथि सर्वोच्च राज्य गर्नुहुन्छ । तपाईंको लागि "जाति-जाति त बाल्टीको एक थोपो पानीजस्तै छन् । तिनीहरू तराजूमा टाँसिएका धूलोजस्तै छन् । उहाँले त टापूहरूलाई मसिनो धूलोजस्तै जोख्नुहुन्छ ।" (यशैया ४०:१५)

तपाईंको राज्य आओस् ! धेरै भन्दा धेरै मानिसहरूले तपाईंलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा चिन्ने क्रममा तपाईंको राज्य बढ्दै जाओस् ।

संसारभरि विभिन्न सेवकाईमा तपाईंको लागि काम गर्ने सबै प्रचारकहरूलाई आशिष दिनुहोस्, बलियो पार्नुहोस् र उत्साह दिनुहोस् ।

उहाँ भन्नुभयो, के तिमीहरू भन्दैनौ, 'अझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ?' म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ । (यूहन्ना ४:३५) अरूलाई तपाईंकहाँ डोर्याउन सक्दो प्रयाग गर्न मलाई मद्दत गर्नुहोस् । धेरै भन्दा धेरै मानिसहरूले

तपाईंको बोलावटलाई सुन्नेछन् र फसलमा खेतालाहरू हुनेछन् भनेर म प्रार्थना गर्दछु (मत्ती ९:३८)।

तपाईंले प्रतिज्ञामा भन्नुभयो, 'मलाई पुकार्, र म तँलाई जवाफ दिनेछु र तैंले नजानेका गहिरा र गुप्त कुराहरू म तँलाई बताउनेछु'। (यर्मिया ३३:३)

के तपाईंका प्रजा तपाईंमा रमाऊन्‌भनेर हामीलाई पुनर्जागृत बनाउनुहुन्न? (भजनसंग्रह ८५:६)

तिनीहरूले उद्धार पाउन भनेर म प्रार्थना गर्छु (उद्धार नपाएकाहरूको नाम भन्नुहोस्)।

हे पिता, तिनीहरूलाई येशूकहाँ डोर्याउनुहोस् (यूहन्ना ६:४४)। तिनीहरूलाई पश्चात्तापी हृदय दिनुहोस्। तपाईंको लागि तिनीहरूमा भोक र तिर्खा सृजना गर्नुहोस्।

हे परमेश्वर, जबसम्म तिनीहरू पापमा आनन्दित रहन्छन्, तबसम्म तिनीहरूले तपाईंको खाँचो महसुस गर्नेछैनन्। यसकारण, पापका सुखहरूलाई तिनीहरूको मुखमा खरानी र धुलोमा परिणत गरिदिनुहोस्। तिनीहरूलाई तपाईंको इच्छा र तपाईंको मार्गमा डोर्याउनुहोस् (होशे २:८, ९)।

कृपया तिनीहरूको जीवनमा सही मानिसहरूलाई ल्याउनुहोस् जसले तिनीहरूलाई कसरी उद्धार पाउने भनेर जान्न मद्दत गर्नेछ।

अन्धकारका शक्तिहरूलाई बाँध्नुहोस् जसले तिनीहरूलाई बन्धक बनाउँदछ र तपाईंको आवश्यकताको लागि तिनीहरूको आँखा खोलिदिनुहोस्।

तिनीहरूको मुक्तिको दिन चाँडै आओस्।

**"तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्"— परमेश्वरको *शासन***

हे पिता, मलाई तपाईंको इच्छाअनुसार चल्न मद्दत गर्नुहोस्। तपाईं धर्मशास्त्रमार्फत आफ्नो इच्छा व्यक्त गर्नुहुन्छ।

तपाईंको इच्छाको अधीनमा रहन मेरो इच्छालाई मद्दत गर्नुहोस् । यदि मेरो जीवनमा तपाईंलाई मन नपर्ने कुनै कुरा छ भने, कृपया मलाई देखाउनुहोस् र मलाई तपाईले चाहेको परिवर्तन गर्न सक्ने क्षमता दिनुहोस् ।

यो तपाईंको इच्छा हो ताकि म निष्ठाका साथ हिड्न र सही काम गर्न सकू । त्यो मानिस, जसको चाल निर्दोष छ, र जसले ठीक-ठीक काम गर्छ, र हृदयबाट सत्य बोल्छ (भजनसंग्रह १५:२)

म अरूको चरित्र वा प्रभावलाई हानि पुर्याउने कुराहरू भन्दिन, न त म आफ्ना साथीहरूको बारेमा नराम्रो कुरा गर्न सक्छु । जसले आफ्नो जिब्रोले अरूको निन्दा गर्दैन, जसले आफ्नो छिमेकीको बिगार गर्दैन, र आफ्नो साथी-भाइको अपवाद फैलाउँदैन । (भजनसंग्रह १५:३)

हे परमप्रभु, मेरो मुखमा एउटा पाले राखिदिनुहोस्, मेरा ओठको ढोकाको रखवाली गरिदिनुहोस् । (भजनसंग्रह १४१:३)

म आज तपाईंको इच्छा विपरीत केही पनि गर्न चाहन्नँ । तपाईंको इच्छा आज मेरो जीवनमा साँच्चै पूरा होस् ।

## अर्जीबिन्ति

**"हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्" –** ***हाम्रा स्रोतहरू***

तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन् । (मत्ती ६:३३)

यसकारण भोलिको निम्ति फिक्री नगर, किनकि भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ । आजको दुःख आजको निम्ति पर्याप्त छ ।" (मत्ती ६:३४)

तपाईंले मलाई कुनै पनि कुराको बारेमा गनगन गर्न वा गुनासो गर्न निषेध गर्नुहुन्छ (१ कोरिन्थी १०:१०)

कृपया मेरो परिस्थितिको बारेमा मैले कहिल्यै गनगन वा गुनासो गरेकोभए

मलाई क्षमा गरिदिनुहोस् । तपाईं मेरो लागि योग्य हुनुहुन्छ जसको लागि म हकदार छु ।

यदि मैले आर्थिक समस्या भोगें भने, येशूसँग शिर राख्ने ठाउँ थिएन भनेर सम्झन मलाई मद्दत गर्नुहोस् (मत्ती ८:२०) तर तपाईंसँगको सम्बन्धमा धनी हुनुहुन्थ्यो ।

जब म प्रार्थना गर्छु र तपाईंको वचन पढ्छु म पनि तपाईंसँग मेरो सम्बन्धमा धनी हुनेछु भन्ने कुरा दिनुहोस् ।

मैले चिन्ता गरेकोमा मलाई क्षमा गर्नुहोस् ।

कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ । (फिलिप्पी ४:६–७)

तपाईंले भन्नुभयो, मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ । (फिलिप्पी ४:१९)

तपाईंले मलाई विगतमा दिनुभएको सबै आशिषहरूको निम्ति म तपाईंलाई धन्यवाद दिन्छु ।

म तपाईंकहाँ मेरो वर्तमानका आवश्यकताहरू ल्याउँदछु ... (तिनीहरूको नाम भन्नुहोस्)

**तपाईंले पहिले नै गरिसक्नुभएको सबै कुराहरू सम्झन र कृतज्ञ हुन मलाई मद्दत गर्नुहोस् !**

म ... (विश्वभरि खाँचोमा परेका मानिसहरू) को लागि प्रार्थना गर्दछु ।

म स्थानीय, प्रदेश र राष्ट्रिय सरकारका ओहदाहरूमा आसीन हुनेहरूका लागि प्रार्थना गर्छु । तपाईंले तिनीहरूलाई तपाईंको वचनका सिद्धान्तहरूद्वारा डोर्याउनुहुनेछ भनेर म प्रार्थना गर्छु । तिनीहरूले तपाईंको आदर गर्नेछन् र धार्मिकताले राज्य गर्नेछ भनेर अवसर प्रदान गर्नुहोस् । कृपया, दृष्टताको

उद्देश्यलाई विफल पार्नुहोस् र तपाईंको इच्छा पूरा होस् । राजाहरू र सबै उच्च पदमा भएकाहरूका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं । (१ तिमोथी २:२)

## पाप–स्वीकार/मेलमिलाप

**“हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं” – *मेलमिलाप***

हे परमेश्वर, मलाई जाँच्नुहोस्, र मेरो हृदयलाई जान्नुहोस् । मलाई जाँच्नुहोस्, र मेरा चिन्ताहरूलाई जान्नुहोस् । हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि, र मलाई अनन्तको मार्गमा डोर्याइदिनुहोस् । (भजनसंग्रह १३९:२३–२४)

हे परमप्रभु, तपाईं भला र क्षमाशील हुनुहुन्छ, र तपाईंलाई पुकारा गर्नेहरू सबैलाई तपाईंको प्रेम प्रशस्त रहन्छ । (भजनसंग्रह ८६:५)

हे परमप्रभु, म स्वीकार गर्दछु । यदि मैले मेरो विरुद्धमा अरूको गल्तीहरू क्षमा गरिन भने, म तिनीहरूलाई चोट पुर्याउने छैन, तर म तपाईंको क्षमाबाट आफूलाई अलग गर्छु (मर्कूस ११:२६) ।

तपाईंको कृपया र क्षमाको लागि म तपाईंको धन्यवाद दिन्छु ।

जब म साँचो पश्चात्ताप गर्छु र मेरो पापबाट फर्कन्छु, पश्चिमबाट पूर्व जत्ति टाढ़ा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यत्तिकै टाढ़ा हटाइदिनुभएको छ । (भजनसंग्रह १०३:१२) तपाईंले तिनीहरूलाई आफ्नो पिठ्युँपछाडि फ्याँकिदिनुभयो (यशैया ३८:१७) र तपाईंले तिनीहरूलाई फेरि कहिल्यै सम्झनु भएन (यर्मिया ३१:३४) । तपाईंले आफ्नै खातिर तिनीहरूलाई मेट्नुभयो (यशैया ४३:२५) र ती सबैलाई समुद्रको गहिराइमा फ्याँकिदिनुभयो (मीका ७:१९) ।

## आत्मिक लड़ाईं

**"हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस्" — हाम्रो *सुरक्षा***

हे पवित्र पिता, मलाई तपाईंको नाउँद्वारा सुरक्षित राख्नुहोस् किनभने तपाईंले मलाई येशूलाई दिनुभएको छ (यूहन्ना १:११)। यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक। (रोमी १२:२) कृपया मेरो इच्छा र इच्छाको रक्षा गर्नुहोस्।

तपाईंले भन्नुभयो, तर प्रभु त विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई स्थिर गराउनुहुनेछ र दुष्टबाट सुरक्षित राख्नुहुनेछ। (२ थेसलोनिकी ३:३)

हे पिता, आज तपाईंमा आत्मिक तवरमा बलियो हुन सकूँ।

तपाईंले भन्नुभयो, अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो। (एफिसी ६:१०–१२)

हे पिता, मलाई सहायता गर्नुहोस्, यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। (एफिसी ६:१३)

तपाईंले भन्नुभयो, यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ। (एफिसी ६:१४क) आज मेरा सबै सम्बन्धहरूमा पूर्ण सत्यवादी हुन मलाई मद्दत गर्नुहोस्।

तपाईंले भन्नुभयो, "धार्मिकताको छाती–पाता लाएर खड़ा होओ"( एफिसी ६:१४ख)। मैले गर्ने सबै कुरामा मलाई धर्मी र पवित्र हुन मद्दत गर्नुहोस्।

मेरो खुट्टा मिलापको सुसमाचारका जुत्ता लाएर तयार हुनुपर्छ भनेर तपाईंले भन्नुभयो (एफिसी ६:१५)। तपाईंको सत्यतामा अडिग रहन र येशूको सुसमाचार अरूलाई बाँड्ने अवसरहरू पत्ता लगाउन मलाई मद्दत गर्नुहोस्।

तपाईंले भन्नुभयो, साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। (एफिसी ६:१६) आज म परीक्षामा परेको छु, मेरो विश्वास विफल हुन नदिनुहोस्। तर मैले तिम्रो विश्वास नडगमगाओस्‌भनेर तिम्रो निम्ति प्रार्थना गरें, र फेरि तिमी मतर्फ फर्केपछि तिम्रा भाइहरूलाई स्थिर गराऊ।" (लूका २२:३२)।

मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो। (एफिसी ६:१७)। परमेश्वरका ज्ञानको विरुद्धमा खड़ा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं। (२ कोरिन्थी १०:५)।

मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो। (एफिसी ६:१७)। तपाईंको विरुद्धमा पाप नगरूँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु। (भजनसंग्रह ११९:११)

## प्रशंसा र धन्यवाद

**"किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्" — *प्रशंसा*को साथ समाप्त गर्नुहोस्।**

हे परमप्रभु, महानता, शक्ति, महिमा, गौरव र ऐश्वर्य तपाईंकै हुन्, किनकि स्वर्ग र पृथ्वीमा भएका सबै कुरा तपाईंकै हुन्। हे परमप्रभु, राज्य तपाईंकै हो, अनि सबैमाथि तपाईं सर्वोच्च हुनुहुन्छ। (१ इतिहास २९:११)

उचित बलिदानहरू चढ़ाओ, र परमप्रभुमा भरोसा राख। (भजनसंग्रह ४:५)

तर तपाईंमा शरण लिनेहरूचाहिँ रमाऊन्, र तिनीहरू सँधै हर्षले गाऊन्। तपाईंले नै तिनीहरूको रक्षा गर्नुहोस्, र तपाईंको नाउँलाई प्रेम गर्नेहरू तपाईंमा आनन्दित होऊन्। किनकि हे परमप्रभु, तपाईंले धर्मीहरूलाई आशिष्

दिनुहुन्छ, ढालले रक्षा गरेँझै आफ्नो कृपा-दृष्टिले तिनीहरूलाई घेरिराख्नुहुन्छ ।
(भजनसंग्रह ५:११–१२)

हे पिता, आज मलाई यी आज्ञाहरू पालन गर्न मद्दत गर्नुहोस् ।

**म यो प्रार्थना येशूको नाउँमा गर्दछु, आमेन**

# मंगलबार

## आराधना/उपासना

**"जो स्वर्गमा हुनुहुन्छ" — परमेश्वरको *राज्यसत्ता***

प्रिय स्वर्गीय पिता,

म तपाईंलाई आराधना गर्दछु किनकि तपाईं: त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ। (प्रस्थान ३४:६)

तपाईं स्वर्ग र पृथ्वीका सृष्टिकर्ता हुनुहुन्छ (उत्पत्ति १:१)। आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ। र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ। (भजनसंग्रह १९:१)

तपाईं सर्वज्ञानी हुनुहुन्छ (दानिएल २:२०; रोमी ११:३३)। तपाईंले कहिल्यै गल्ती गर्नुहुदैँन (भजनसंग्रह ३३:११) तपाईंको समझ असिमित छ (भजनसंग्रह १४७:५)।

तपाईं प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:८)। तपाईं कहिल्यै निर्दयी र क्रूर हुनुहुन्न (भजनसंग्रह ११९:६८)। तपाईं मेरो जीवनको लागि धेरै राम्रो चाहनुहुन्छ।

तपाईं आफ्नो शक्तिमा असिमित हुनुहुन्छ (यर्मिया ३२:१७)। तपाईंको लागि केही पनि असम्भव छैन (मत्ती १९:२६; लूका १:३७)।

म तपाईंलाई मेरो सारा हृदय, समझ, प्राण र शक्तिले प्रेम गर्न चाहन्छु (मर्कूस १२:३०)। तपाईंलाई प्रेम गर्ने मेरो क्षमता बढाउनुहोस् भनेर म प्रार्थना गर्छु।

कुनै दिन म तपाईंको सामुन्ने खडा हुनेछु र मैले भनेका र गरेका सबै कुराहरूको न्याय हुनेछ (मत्ती १२:४६, मत्ती १६:२७; २ कोरिन्थी ५:१०)।

आज मलाई तपाईंसामु नम्र भई हिंड्न र तपाईले चाहेको ईश्वरीय भय देखाउन शक्ति दिनुहोस् (१ पत्रुस १:१७)।

यसकारण हल्लाउन नसकिने राज्य पाएकोमा हामी कृतज्ञ होऔं। त्यसैले हामी भक्ति र भयसाथ परमेश्वरलाई ग्रहणयोग्य हुने आराधना चढाऔं। (हिब्रू १२:२८)

भय मानेर परमप्रभुको सेवा गर, र कम्पनसाथ आनन्द मनाओ। (भजनसंग्रह २:११) मलाई यो गर्न मद्दत गर्नुहोस्।

यसकारण हल्लाउन नसकिने राज्य पाएकोमा हामी कृतज्ञ होऔं। त्यसैले हामी भक्ति र भयसाथ परमेश्वरलाई ग्रहणयोग्य हुने आराधना चढाऔं। (हिब्रू १२:२८)

किनकि उहाँ आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ। (हिब्रू २:१८)

हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ। (हिब्रू १२:२)

किनभने उहाँ जान्नुहुन्छ, हाम्रो सृष्टि कसरी भएको हो, हामी धूलो मात्र हौं भनी उहाँ सम्झनुहुन्छ। (भजनसंग्रह १०३:१४)

तपाईं मलाई नजिकबाट चिन्नुहुन्छ र मेरो कमजोरीप्रति सहानुभूति राख्नुहुन्छ। तपाईंले पनि मैले सामना गर्नुपर्ने समस्याहरू र परीक्षाहरूको सामना गर्नुभयो। तपाईं मलाई सहायता गर्न र जानाजानी पाप नगर्न सक्षम तुल्याउन मेरो साथमा हुनुहुन्छ भनी मलाई भन्नुहुन्छ (हिब्रू ४:१४-१५)।

मलाई प्रेम गर्नुभएकोमा धन्यवाद। तपाईंले आज मेरो निम्ति प्रार्थना गरिरहनुभएको छ भन्ने कुरा थाहा पाउँदा मलाई सान्त्वना मिल्छ (हिब्रू ७:२४-२५)।

प्रभु येशू, तपाईंको आज्ञापालन गरेर आज मेरो सम्पर्कमा आएका मानिसहरूले म तपाईंलाई प्रेम गर्छु भनी थाहा पाऊन (यूहन्ना १४:३१)।

"तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ। (यूहन्ना १४:१५)

धन्य पवित्र आत्मा, म भित्र बास गर्नुभएकोमा धन्यवाद (रोमी ८:११)।

म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्, र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर। (एफिसी ३:१६–१७)

म तपाईंलाई मेरो विचार, मेरो मनोवृत्ति र मेरो कार्यहरूको पूर्ण नियन्त्रण दिन्छु। मलाई आज दिनभरि आत्मा हिँड्न सक्षम बनाउनुहोस् (गलाती ५:१६)।

र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ। (एफिसी ३:१९)

**"जो स्वर्गमा हुनुहुन्छ" — परमेश्वरको *राज्यसत्ता***

हे स्वर्गीय पिता, म भजनरचयितासँग सहमत हुन्छु र घोषणा गर्छु, तपाईं मेरा परमेश्वर हुनुहुन्छ, र म तपाईंमा धन्यवाद चढाउनेछु। तपाईं मेरा परमेश्वर हुनुहुन्छ, र म तपाईंलाई उच्च पार्नेछु। (भजनसंग्रह ११८:२८)

किनकि हे परमप्रभु, सारा पृथ्वीभन्दा तपाईं नै अति उच्च हुनुहुन्छ, तपाईं सबै देवहरूमाथि अत्यन्त उच्च हुनुहुन्छ। (भजनसंग्रह ९७:९)

तपाईं राजाहरूका राजा हुनुहुन्छ, र सर्वोच्चका परमप्रभु हुनुहुन्छ (प्रकाश १७:१४)।

म तपाईंप्रति वफादार र पूर्ण रूपमा आज्ञाकारी हुन तपाईंको अनुग्रहद्वारा तपाईंप्रति वफादार रहने वाचा गर्दछु। तपाईं मेरो राजा हुनुहुन्छ।

**"तपाईं नाउँ पवित्र होस्" – परमेश्वरको *प्रतिष्ठा***

हे पिता, तपाईंले भन्नुभयो, "परमप्रभुको भय मान्नु नै बुद्धिको सुरुआत हो, र परमपवित्रको ज्ञान नै समझशक्ति हो। (हितोपदेश ९:१०)

तपाईंले गर्ने हरेक काममा तपाईं पवित्र हुनुहुन्छ। तपाईं आफ्नो सबै मार्गमा धर्मी हुनुहुन्छ र सबै कार्यहरूमा दयालु हुनुहुन्छ (भजनसंग्रह १४५:१७)।

उहाँमा नै हामी हर्षित हुन्छौं, किनभने उहाँको पवित्र नाउँमा हामी भरोसा राख्छौं। (भजनसंग्रह ३३:२१)

तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ (१ पत्रुस १:१५)

हे पिता, आज मलाई यस्तो तरिकामा बाँच्न सहायता गर्नुहोस् जसले तपाईंको पवित्रताबाट विचलित गर्नेछैन। तपाईंको प्रतिष्ठा मेरो हातमा छ किनभने म इसाई हुँ भनेर दाबी गर्दछु। मैले जे पनि गर्छु वा भन्छु, त्यसले तपाईंको पवित्र नाउँको अपमान नगरोस् (रोमी २:१४)।

मानिसहरूले तपाईंको पवित्रता अर्थात ख्रीष्टको जस्तो मनोवृति र कार्यहरू मेरो जीवनबाट चम्किरहेको देख्न सकून्, किनकि तपाईंले मलाई आज्ञा दिनुभएको छ, तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ (१ पत्रुस १:१५)

## अन्तरबिन्ती

**"तपाईंको राज्य आओस्" — परमेश्वरको *राज्य***

हे स्वर्गीय पिता, तपाईं सात–गुणा राजा हुनुहुन्छ।

१. तपाईं यहूदीहरूका राजा हुनुहुन्छ — जातीय राजा (मत्ती २:२)।

२. तपाईं इस्राएलका राजा हुनुहुन्छ — राष्ट्रिय राजा (यूहन्ना १:४९)।

३. तपाईं धार्मिकताको राजा हुनुहुन्छ — आत्मिक राजा (यर्मिया २३:५)।

४. तपाईं युगौंयुगका राजा हुनुहुन्छ — अनन्तका राजा (१ तिमोथी १:१७)।

५. तपाईं स्वर्गका राजा हुनुहुन्छ — स्वर्गीय राजा (दानिएल ४:३७)।

६. तपाईं महिमाको राजा हुनुहुन्छ — महिमामय राजा (भजनसंग्रह २४:१०)।

७. तपाईं राजाहरूका राजा र प्रभुहरूका परमप्रभु हुनुहुन्छ — सर्वोच्च राजा (प्रकाश १७:१४)

तपाईं सदा–सर्वदा बलियो, अनन्त स्थिर र निष्पक्ष दयालु हुनुहुन्छ। तपाईं मुक्तिको द्वार, शान्तिको बाटो, धार्मिकताको मार्ग, पवित्रताको राजमार्ग र महिमाको प्रवेशद्वार हुनुहुन्छ।[१]

तपाईंको राज्य नयाँ गरी जन्मेका पुरुष र स्त्रीहरूको हृदयमा आत्मिक राज्य

---

१ एस. एम. लकरिजको प्रार्थनाबाट रूपान्तरित

हो । धेरै भन्दा धेरै मानिसहरूले तपाईंलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा चिन्ने क्रममा तपाईंको राज्य बढ्दै जाओस् ।

संसारभरि तपाईंका लागि परिश्रम गर्ने सबै मिसनरीहरूलाई आशिष् दिनुहोस्, बलियो पार्नुहोस् र प्रोत्साहन गर्नुहोस् ।

तपाईंले भन्नुभयो, के तिमीहरू भन्दैनौ, 'अझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ?' म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ । (यूहन्ना ४:३५) फसलका परमप्रभु, उठ्नुहोस् र फसलका निम्ति खेतालाहरू पठाउनुहोस् । मैले भेट्ने मानिसहरूलाई येशूको बारेमा सुसमाचार बाँड्ने अवसरहरूप्रति सजग हुन मलाई सहायता गर्नुहोस् ।

तिनीहरूले उद्धार पाउन भनेर म प्रार्थना गर्छु (उद्धार नपाएकाहरूको नाम भन्नुहोस्) ।

हे पिता, तिनीहरूलाई येशूकहाँ डोर्याउनुहोस् (यूहन्ना ६:४४) तिनीहरूलाई पश्चात्तापी हृदय दिनुहोस् । तपाईंको लागि तिनीहरूमा भोक र तिर्खा सृजना गर्नुहोस् ।

हे परमेश्वर, जबसम्म तिनीहरू पापमा आनन्दित रहन्छन्, तबसम्म तिनीहरूले तपाईंको खाँचो महसुस गर्नेछैनन् । यसकारण, पापको आनन्दलाई तिनीहरूको मुखमा खरानी र धुलोमा परिणत गर्नुहोस् । तिनीहरूलाई तपाईंको इच्छा र तपाईंको मार्गमा डोर्याउँनुहोस् (होशे २:६) ।

कृपया, सही मानिसहरूलाई तिनीहरूको जीवनमा ल्याउनुहोस् जसले तिनीहरूलाई कसरी मुक्ति पाउने भनेर थाह पाउन मदत गर्नेछ ।

अन्धकारका शक्तिहरूलाई बाँध्नुहोस् जसले तिनीहरूलाई बन्धक बनाउँदछ (मत्ती १२:२८-२९) र तपाईंको खाँचो महशुश गराउन तिनीहरूको आँखा खोलिदिनुहोस् (प्रेरित २६:१८) ।

तिनीहरूको मुक्तिको दिन चाँडै आओस् ।

**"तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्"— परमेश्वरको *शासन***

*यस प्रार्थनाले हामीलाई हाम्रो योजना र इच्छाहरू भन्दा पनि हाम्रो जीवनमा परमेश्वरको इच्छा पूरा भइरहेकोमा बढी चिन्तित हुन सिकाउँछ। हाम्रा इच्छाहरू उहाँको इच्छासित मेल खाँदैनन् भने हामीले परमेश्वरलाई हाम्रो इच्छा परिवर्तन गर्न बिन्ती गर्नुपर्छ। उहाँको इच्छा स्वर्गका स्वर्गदूतहरूको गरेझैं हामीले पनि उत्सुकतासाथ र आनन्दित भई पूरा गर्नुपर्छ। हामी उहाँको वचनको अधिकारको अधीनमा बस्नुपर्छ।*

हे स्वर्गीय पिता, मेरो इच्छा, मेरा योजनाहरू र मेरो चाहनाहरू भन्दा पनि तपाईंको इच्छा पूरा होस् भनेर मलाई अझ बढी इच्छुक हुन सहायता गर्नुहोस्।

तपाईं कुमाले हुनुहुन्छ र म माँटो हुँ। म तपाईंको हातको रचना हुँ (यशैया ६४:८)। मलाई राम्रो माटो हुन र कुमालेको घुमि रहने पाङ्ग्रामा रहन मद्दत गर्नुहोस् किनकि तपाईंले मलाई ढाँचा दिनुहुन्छ र मलाई आकार दिनुहुन्छ।

तपाईंले मेरो जीवनमा गर्न चाहनुभएको केही ढलाई र परिवर्तनहरू पीडादायी हुन सक्छन्। तैपनि, म मेरो सम्पूर्ण हृदयले आदरको पात्र, पवित्र र मालिकको प्रयोगको लागि योग्य भएको चाहन्छु (२ तिमोथी २:२०-२२)।

मलाई तपाईंलाई विश्वास गर्न मद्दत गर्नुहोस् र तपाईंको प्रेमिलो हातबाट पछि हट्न वा भाग्न नदिनुहोस्। (हिब्रू १०:३८-३९)

## अर्जीबिन्ती

**“हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्” – हाम्रा *स्रोतहरू***

प्रिय पिता, तपाईंले भन्नुभएको थियो, यदि मैले तपाईंलाई मेरो जीवनमा पहिलो स्थान दिएँ भने तपाईंले मेरो अन्य सबै आवश्यकताहरू पूरा गर्नुहुनेछ (मत्ती ६:३३)।

तपाईंले भन्नुभयो, “भोलिको चिन्ता नगर। किनकि भोलि आफैले आफ्नो चिन्ता गर्नेछ। प्रत्येक दिनको आफ्नै पर्याप्त समस्या छ (मत्ती ६:३४)।

तपाईं मलाई गनगन गर्न वा गुनासो गर्न निषेध गर्नुहुन्छ (१ कोरिन्थी १०:१०)।

मेरो कुनै पनि परिस्थितिको बारेमा गनगन गरेको वा गुनासो गरेकोमा कृपया मलाई क्षमा गर्नुहोस्।

यदि मानिसहरूले मलाई अनुचित व्यवहार गर्छन भने, मलाई तिनीहरूभन्दा माथि तपाईंलाई हेर्न मद्दत गर्नुहोस् र मलाई ख्रीष्टजस्तै बनाउनको लागि तपाईंले यी कुराहरू मेरो जीवनमा आउन दिनुभएको छ भनेर थाह गर्न मद्दत गर्नुहोस् (रोमी ८:२८, २९)।

भौतिक र शारीरिक समस्याहरूको चिन्ता गरेकोमा मलाई क्षमा गर्नुहोस्। तपाईंले भन्नुभयो, कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, मैले यसो गर्दा तपार्इंले प्रतिज्ञा गर्नुभयो, समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ। (फिलिप्पी ४:६–७)

मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ। (फिलिप्पी ४:१९)

तपाईंलाई धन्यवाद! यस प्रतिज्ञामा भरोसा गर्न र विश्राम गर्न मलाई मद्दत गर्नुहोस्।

म प्रार्थना गर्छु ... (तपाईंलाई जे चाहिन्छ त्यो तपाईंको लागि परमेश्वरको इच्छा भित्र छ)।

तपाईंले पहिले नै गरिसक्नुभएको सबै कुराहरू सम्झन र कृतज्ञ हुन मलाई मद्दत गर्नुहोस् !

म ... (विश्वभरि खाँचोमा परेका मानिसहरू) को लागि प्रार्थना गर्दछु।

म स्थानीय, प्रदेश र राष्ट्रिय सरकारका ओहदाहरूमा आसीन हुनेहरूका लागि प्रार्थना गर्छु। तपाईंले तिनीहरूलाई तपाईंको वचनका सिद्धान्तहरूद्वारा डोर्याउनुहोस् भनेर म प्रार्थना गर्दछु। तिनीहरूले तपाईंको आदर गरून् र धार्मिकताले राज्य गरोस् भनेर अवसर प्रदान गर्नुहोस्। कृपया दुष्टताको उद्देश्यलाई विफल पार्नुहोस् र तपाईंको इच्छा पूरा होस्। राजाहरू र सबै उच्च पदमा भएकाहरूका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं। (१ तिमोथी २:२)

## पाप–स्वीकरण/मेलमिलाप

**"हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं" – *मेलमिलाप***

हे परमेश्वर, मेरो हृदय खोज्नुहोस् किनकि तपाईंले भन्नुभयो, जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ। (एफिसी ४:३२)

धन्यवाद, पिता, मलाई येशूको नजिक डोर्याउनुभएको निम्ति ! (यूहन्ना ६:४४)। मलाई उद्धार गर्नुभएकोमा र मलाई आफ्नो परिवारमा ग्रहण गर्नुभएकोमा धन्यवाद। हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस्, र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस्। (भजनसंग्रह ५१:१०)

म तपाईंलाई धन्यवाद दिन्छु किनकि तपाईंले अधर्म, अपराध र पाप क्षमा गर्नुभयो (प्रस्थान ३४:७)।

के त्यहाँ कोही छ जसप्रति म दयालु, कोमल हृदयको वा क्षमाशील हुन असफल

भएकोमा मलाई क्षमा माग्नु आवश्यक छ जसरी तपाईंले म तिनीहरूप्रति भएको चाहानुहुन्छ?

हे पिता, तपाईंको ताड़नालाई रिस नउठाउन मलाई मद्दत गर्नुहोस। तपाईंले भन्नुभयो, हे परमप्रभु, त्यो मानिस धन्यको हो, जसलाई तपाईंले ताड़ना दिनुहुन्छ, र आफ्नो व्यवस्थाबाट सिकाउनुहुन्छ। (भजनसंग्रह ९४:१२)

म भजनरचयिता दाऊदसित यसो भन्न सिक्न सकूँ, ममाथि क्लेशहरू आइपरेका असलै भयो, ताकि म तपाईंका विधिहरू सिक्न सकूँ। (भजनसंग्रह ११९:७१)

हे परमप्रभु, तपाईंका नियमहरू धार्मिक छन्, अनि आफ्नो विश्वसनीयतामा तपाईंले मलाई दु:ख दिनुभएको छ भनी म जान्दछु। (भजनसंग्रह ११९:७५)

हे पिता, तपाईंले मलाई शुद्ध अन्तस्करण प्राप्त गरेको र कायम राखेको चाहनुहुन्छ। पावलले भने, यसैले परमेश्वरप्रति र मानिसहरूप्रति म सँधै शुद्ध विवेक राख्ने प्रयत्न गर्दछु। (प्रेरित २४:१६)

आज मेरो अन्तस्करण स्पष्ट राख्न मलाई मद्दत गर्नुहोस। स्पष्ट अन्तस्करणले तपाईंप्रति भरोसा प्रदान गर्दछ (१ यूहन्ना ३:२१)।

तपार्इंले मलार्इ भन्नुभयो, हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं। (हिब्रू १०:२२)

## आत्मिक लड़ाईं

**"हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस्" — हाम्रो *सुरक्षा***

हे पिता, येशूले मलाई स्वार्थीपन, उन्मत्तता, बाध्यता, वा मलाई पूर्ण रूपमा ख्रीष्ट जस्तो हुनबाट रोक्ने अन्य कुनै पनि कुराबाट मुक्त गर्न आउनुभयो।

तपाईंको अनुग्रहद्वारा मलाई अद्वितीय व्यक्तिमा रूपान्तरण गर्नुहोस् जसको लागि तपाईंले मलाई सृष्टि गर्नुभयो।

येशूको नाउँमा, म मेरो जीवनमा तपाईंको ईश्वरीय कार्यको माग गर्दछु ताकि म मेरो जीवनमा तपाईंको इच्छालाई बाधा पुर्याउने सबै कुराबाट मुक्त हुन सकूँ ।

हे पिता, आज म तपाईंमा आत्मिक तवरले बलियो हुन सकूँ । तपाईंले भन्नुभयो, अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ । (एफिसी ६:१०)

## प्रशंसा र धन्यवाद

**"किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्" — *प्रशंसा*को साथ समाप्त गर्नुहोस् ।**

म तपाईंको प्रशंसा गर्दछु प्रभु, किनकि तपाईं परमप्रभु सदासर्वदा परमेश्वर हुनुहुन्छ, पृथ्वीको पल्लो छेउसम्मका सृष्टिकर्ता हुनुहुन्छ । (यशैया ४०:२८)

"तपाईं नता थकित न हैरान हुनुहुन्छ (यशैया ४०:२८) । तपाईं नता उँघ्नुहुन्छ न सुत्नुहुन्छ" (भजनसंग्रह १२१:४) ।

तपाईंको समझ अचूक छ । तपाईंले थकितलाई बल दिनुहुन्छ, र अभाव भएकालाई शक्ति बढाउनुहुन्छ (यशैया ४०:२९) ।

तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ । तिनीहरू गरुडँझै माथि-माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरू थाक्ने छैनन् । तिनीहरू हिँड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन् । (यशैया ४०:३१)

**म यो प्रार्थना येशूको नाउँमा गर्दछु, आमेन**

# बुधबार

## आराधना/उपासना

**"हे हाम्रो पिता" — परमेश्वरसँगको हाम्रो *सम्बन्ध***

प्रिय स्वर्गीय पिता,

तपाईं असल हुनुभएकोले म तपाईंको भक्ति गर्छु । किनभने हामीप्रति उहाँको करुणा अपार छ । र परमप्रभुको विश्वसनीयता सदाको निम्ति रहन्छ । परमप्रभुको प्रशंसा गर । (भजनसंग्रह ११७:२)

म भजनरचयितासँग सामेल हुन्छु जसले यसो भन्छन्, परमप्रभु जीवित हुनुहुन्छ! मेरो चट्टानको स्तुति-प्रशंसा होस् । मेरा उद्धारक परमेश्वर उच्च होऊन् । (भजनसंग्रह १८:४६)

सूर्योदयदेखि सूर्यास्तसम्मै परमप्रभुको नाउँको प्रशंसा हुनुपर्दछ । (भजनसंग्रह ११३:३)

हरसमय म परमप्रभुको प्रशंसा गर्नेछु, उहाँको प्रशंसा निरन्तर मेरो मुखमा हुनेछ । (भजनसंग्रह ३४:१)

मैले धेरै फल फलाउँदा तपाईंको महिमा हुन्छ (यूहन्ना १५:८) ।

आज मेरो जीवनमा तपाईंलाई आदर गर्ने इच्छा र शक्ति (तपाईंको अनुग्रह) मलाई दिनुहोस् ।

येशू, म तपाईं को हुनुहुन्छ भनेर आराधना गर्छु र तपाईंले मेरो लागि दिनहुँ जे गर्नुहुन्छ त्यसको लागि धन्यवाद दिन्छु ।

म स्वर्गदूतहरू र प्रधान स्वर्गदूतहरूसित मिलेर घोषणा गर्छु: तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, “मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ ।” (प्रकाश ५:१२)

त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नु पर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ । (फिलिप्पी २:९–११)

मेरा पापहरू क्षमा गर्नुभएकोमा म तपाईंलाई धन्यवाद दिन्छु । पावलले भने, यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ । उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं । यस अनुग्रहमा हामी खड़ा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं । यति मात्र होइन, तर हामी आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ, सहनशीलताले चरित्र, र चरित्रले आशा उत्पन्न गराउँछ । आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ । (रोमी ५:१–५)

कृपया मलाई “आज तपाईंको योग्य भएर हिंड्न सहायता गर्नुहोस्, म जे गर्छु त्यसमा प्रभु येशूलाई प्रसन्न पार्न सकूँ । म प्रत्येक असल काममा फलवन्त हुन सकूँ र परमेश्वरको ज्ञानमा बढ्दैजान सकूँ (कलस्सी १:१०) ।

धन्य पवित्र आत्मा, आत्मामा प्रार्थना गर्नुको अर्थ के हो भनेर सिक्दा मलाई डोर्याउनुहोस् (यहूदा १:२०) ।

म आज तपाईंको प्रेरणा र अगुवाईलाई पछ्याउने इच्छा र उद्देश्य राख्दछु ।

तपाईंले मलाई के भन्न चाहनुहुन्छ त्यो सुन्न मलाई कान दिनुहोस् ।

मेरो काम र आँखा आत्मिक तवरमा खोलिदिनुहोस् र म बागी हुनेछैन वा तपाईंको इच्छा पूरा गर्नबाट पछि हट्ने छैन (यशैया ५०: ४, ५; एफिसी १:१८) ।

### "जो स्वर्गमा हुनुहुन्छ" — परमेश्वरको *राज्यसत्ता*

परमप्रभु आफ्नै पवित्र मन्दिरमा हुनुहुन्छ, परमप्रभु आफ्नो स्वर्गीय सिंहासनमा विराजमान हुनुहुन्छ। मानिसका सन्तानलाई उहाँले नियालेर हेर्नुहुन्छ, उहाँले आफ्ना आँखाले तिनीहरूको जाँच गर्नुहुन्छ। (भजनसंग्रह ११:४)

जब म तपाईंको हातले बनाएको आकाशलाई, र तपाईंले स्थापित गर्नुभएका जून र ताराहरूमाथि विचार गर्छु। मानिस के हो, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ? मानिसको छोरो के हो, र तपाईं त्यसको फिक्री गर्नुहुन्छ? (भजनसंग्रह ८:३, ४)

तपाईंले सबै ताराहरू सृष्टि गर्नुभयो र प्रत्येकलाई नाउँ काढ़ी बोलाउनुहुन्छ। (यशैया ४०:२६)

तपाईंले यी सबै गर्नुभएता पनि तपाईं मसँग घनिष्ठता खोज्नुहुन्छ र येशू ख्रीष्टमार्फत मलाई सम्मान र नियति दिनुहुन्छ।

म तपाईंलाई धन्यवाद दिन्छु र तपाईंको सार्वभौमिकता र तपाईंको महान प्रेमको लागि तपाईंको आराधना गर्दछु।

### "तपाईं नाउँ पवित्र होस्" – परमेश्वरको *प्रतिष्ठा*

तपाईंले भन्नुभयो, परमप्रभु हाम्रा परमेश्वरको नाउँ उच्च पार, र उहाँको पाउदानमा आराधना गर, उहाँ पवित्र हुनुहुन्छ। (भजनसंग्रह ९९:५)

हे पिता, मेरो जीवनमा, मेरो आचरणमा र मेरा शब्दहरूमा तपाईंलाई कसरी उच्च पार्ने भनेर जान्न मलाई मद्दत गर्नुहोस्।

तपाईंले आज्ञा दिनभएको छ, परमप्रभुको नाउँलाई सुहाउँदो महिमाको श्रेय उहाँलाई देओ। उहाँको पवित्रताले सुशोभित भएर परमप्रभुको आराधना गर। (भजनसंग्रह २९:२)

तपाईंको पवित्रता सुन्दर छ (२ इतिहास २०:२१)। आज तपाईंको पवित्रताबाट मेरो जीवनमा कुनै पनि कुराले बाधा नपारोस्।

## अन्तरबिन्ती

**“तपाईंको राज्य आओस्” — परमेश्वरको *राज्य***

तपाईंको राज्य यस संसारको होइन भनेर म सम्झन सकूँ (यूहन्ना १८:३६)।

तपाईंले भन्नुभयो, किनभने परमेश्वरको राज्य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो। (रोमी १४:१७)

अहिले तपाईंको राज्य आत्मिक तवरमा नयाँ गरी जन्मेका स्त्री–पुरुषहरूको हृदयमा छ।

मेरो राजाको रूपमा मलाई तपाईंको अधिकारको अधीनमा स्वेच्छाले समर्पण गर्ने क्षमता दिनुहोस्।

तपाईंको प्रभुत्वमा दिनहुँ बाँचि रहँदा मेरो जीवनमा तपाईंको राज्य देखियोस्।

म मेरो जीवन, मेरो परिवारका सदस्यहरूको जीवन, र मेरा साथीहरूको जीवनको लागि तपाई र तपाईंको उद्देश्यहरू प्रति निष्ठाको प्रतिज्ञा गर्दछु।

धेरै भन्दा धेरै मानिसहरूले तपाईंलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा चिन्ने क्रममा तपाईंको राज्य बढ्दै जाओस्।

सांसारिक जागिर गर्ने सबै ईसाईहरूलाई येशूको प्रेम र शान्तिको उज्ज्वल साक्षी बन्न आशिष दिनुहोस्, बलियो पार्नुहोस् र प्रोत्साहन दिनुहोस्।

तपाईंले भन्नुभयो, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ। (यूहन्ना ४:३५) म प्रार्थना गर्दछु, फसलका लागि अझ धेरै खेतालाहरू हुर्काउनुहोस् र तिनीहरूलाई आफ्नो परिश्रमको फल दिनुहोस्।

तिनीहरूले उद्धार पाउन भनेर म प्रार्थना गर्छु (उद्धार नपाएकाहरूको नाम भन्नुहोस्)।

हे पिता, तिनीहरूलाई येशूकहाँ डोर्याउनुहोस् (यूहन्ना ६:४४)। तिनीहरूलाई

पश्चात्तापी हृदय दिनुहोस् । तपाईंको लागि तिनीहरूमा भोक र तिर्खा सृजना गर्नुहोस् ।

अन्धकारका शक्तिहरूलाई बाँध्नुहोस् जसले तिनीहरूलाई बन्धक बनाउँदछ (२ तिमोथी २:२६) र तपाईंको आवश्यकताको लागि तिनीहरूको आँखा खोलिदिनुहोस् (२ कोरिन्थी ४:४) ।

तिनीहरूको मुक्तिको दिन चाँडै आओस् ।

**"तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्"— परमेश्वरको *शासन***

हे पिता, म आनन्दित छु किनकि म तपार्इंको इच्छाको ज्ञानले सारा आत्मिक बुद्धि र समझमा तपाईंको इच्छाको ज्ञानले भरिएको छु । (कलस्सी १:९)

यो तपाईंको इच्छा हो किनकि म परमेश्वरका सारा इच्छामा सम्पूर्ण रूपले निर्धक्क भई बस्न सक्छु । (कलस्सी ४:१२)

हे परमप्रभु, तपाईंको मार्ग मलाई सिकाउनुहोस्, र मेरा शत्रुहरूको कारण मलाई सोझो मार्गमा डोर्याउनुहोस् । (भजनसंग्रह २७:११)

**याद गर्नुहोस्:** *येशूले हामीलाई यसरी प्रार्थना गर्न सिकाउनुको एउटा कारण, प्रार्थनाको १/३ भाग उहाँको नाउँ, उहाँको राज्य र उहाँको इच्छामा बिताउनु भनेको हामीलाई हाम्रो आत्म–तल्लीनता (हाम्रा समस्याहरू र आवश्यकताहरू) बाट अलग गर्नु हो ।*

## अर्जबिन्ती

**"हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्" – हाम्रा *स्रोतहरू***

तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन् । (मत्ती ६:३३)

तपाईंले भन्नुभयो, भोलिको निम्ति फिक्री नगर, किनकि भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ । आजको दुःख आजको निम्ति पर्याप्त छ ।" (मत्ती ६:३४)

तपाईंले मलाई कुनै पनि कुराको बारेमा गनगन गर्न वा गुनासो गर्न निषेध गर्नुहुन्छ (१ कोरिन्थी १०:१०) । मैले गुनासो गर्नुको साटो आफ्ना सबै समस्याहरू प्रार्थनामा तपाईंकहाँ ल्याउनेछु ।

तपाईंले भन्नुभयो, कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन् र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ । (फिलिप्पी ४:६, ७)

कृपया मेरो परिस्थितिको बारेमा मैले कहिल्यै गनगन वा गुनासो गरेको भए मलाई क्षमा गरिदिनुहोस् । तपाईं मेरो लागि योग्य हुनुहुन्छ जसको लागि म हकदार छु ।

म तपाईंकहाँ मेरो वर्तमानका आवश्यकताहरू ल्याउँदछु ... (तिनीहरूको नाम भन्नुहोस्)

**तपाईंले पहिले नै गरिसक्नुभएको सबै कुराहरू सम्झन र कृतज्ञ हुन मलाई मद्दत गर्नुहोस् !**

म प्रार्थना गर्छु ... (अन्य जो संसारभरि खाँचोमा परेका छन्) ।

म स्थानीय, प्रदेश र राष्ट्रिय सरकारका ओहदाहरूमा आसीन हुनेहरूका लागि प्रार्थना गर्छु । तिनीहरूले उद्धार पाऊन् र सत्यको ज्ञानमा आऊन भनेर म प्रार्थना गर्दछु । तपाईंले तिनीहरूलाई तपाईंको वचनका सिद्धान्तहरूद्वारा डोर्याउनुहुनेछ भनेर म प्रार्थना गर्छु । तिनीहरूले तपाईंको आदर गर्नेछन् र धार्मिकताले राज्य गर्नेछ भनेर अवसर प्रदान गर्नुहोस् । कृपया, दृष्टताको उद्देश्यलाई विफल पार्नुहोस् र तपाईंको इच्छा पूरा होस् । हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं । (१ तिमोथी २:२)

## पाप–स्वीकरण/मेलमिलाप

**"हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं" – *मेलमिलाप***

हे परमेश्वर, मलाई खोजी गर्नुहोस्, र मेरो जीवनमा कुनै पाप छ कि छैन हेर्नुहोस्। (भजनसंग्रह १३९:२३–२४)।

जुन सन्देश हामीले उहाँबाट सुन्यौं र तिमीहरूलाई सुनाउँछौं, त्यो यही हो, कि परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा कत्ति पनि अँध्यारो छैन। (१ यूहन्ना १:५) यदि उहाँसँग हाम्रो सङ्गति छ भनी हामी भन्छौं र अन्धकारमा नै हिँड्छौं भनेता, हामी झूट बोल्छौं र सत्यमा चल्दैनौं। तर उहाँ ज्योतिमा हुनुभएँझै यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एक-अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ। (१ यूहन्ना १:६, ७)

यदि हामीले आफ्ना पापहरू स्वीकार गर्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। (१ यूहन्ना १:९)

तपाईंले मलाई दिनुभएको सबै ज्योतिमा हिंड्न मलाई सहायता गर्नुहोस्। तपाईंको इच्छा खुसीसाथ र आनन्दित भई पूरा गर्न मलाई अनुग्रह दिनुहोस्।

हे पिता, म व्यक्तिगत गवाही दिन र आत्मा जित्नको लागि मेरो ठूलो इच्छा, साहस र प्रभावकारिताको आवश्यकतालाई स्वीकार गर्दछु।

म तपाईंलाई धन्यवाद दिन्छु, हे परमप्रभु, तपाईं भला र क्षमाशील हुनुहुन्छ, र तपाईंलाई पुकारा गर्नेहरू सबैलाई तपाईंको प्रेम प्रशस्त रहन्छ। (भजनसंग्रह ८६:५)

मेरा पापहरू क्षमा गर्नुभएकोमा धन्यवाद।

# आत्मिक लड़ाईं

**“हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस्” — हाम्रो *सुरक्षा***

तपाईंले आज्ञा दिनुभएको छ, तर प्रभु येशू ख्रीष्टलाई धारण गर, र पापमय स्वभावको अभिलाषा पूरा गर्ने कुरामा ध्यान नदेओ। (रोमी १३:१४)

मलाई जीवनका ती क्षेत्रहरूको रक्षा गर्ने अनुग्रह दिनुहोस् जहाँ म कमजोर छु र तपाईंलाई अप्रसन्न तुल्याउने सम्भावना छ।

तपाईंले भन्नुभयो, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो (एफिसी ६:१०–१२)।

तपाईंले भन्नुभयो, यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ। (एफिसी ६:१४क) आज मेरा सबै सम्बन्धहरूमा पूर्ण रूपमा सत्य हुन मलाई सहायता गर्नुहोस्।

तपाईंले भन्नुभयो, “धार्मिकताको छाती–पाता लाएर खड़ा होओ” (एफिसी ६:१४ख) मेरो हृदयको रक्षा गर्नुहोस् र मैले गर्ने हरेक काममा मलाई धर्मी र पवित्र हुन मद्दत गर्नुहोस्।

मेरो खुट्टा मिलापको सुसमाचारका जुत्ता लाएर तयार हुनुपर्छ भनेर तपाईंले भन्नुभयो (एफिसी ६:१५)। मलाई तपाईंको सत्यमा दृढ रहन मद्दत गर्नुहोस् र तपाईंले मलाई अरूसँग येशूको सुसमाचार बाँडेको चाहनुहुन्छ भनेर पत्ता लगाउनुहोस् (लूका २२:३२)।

तपाईंले भन्नुभयो, साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। (एफिसी ६:१६) आज म परीक्षामा पर्दा मेरो विश्वास नडग्मगाओस्।

मैले मुक्तिको टोप लगाएको छु (एफिसी ६:१७ क)। मेरा सबै विचारहरू येशू ख्रीष्टको आज्ञाकारिताको लागि कैदमा ल्याइयोस् (२ कोरिन्थी १०:५)।

पवित्र आत्माको तरवार कसरी प्रयोग गर्ने भनेर सिक्न मलाई मद्दत गर्नुहोस्, जुन परमेश्वरको वचन हो (एफिसी ६:१७ ख)।

## प्रशंसा र धन्यवाद

**"किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्" — *प्रशंसा*को साथ समाप्त गर्नुहोस्।**

हे परमप्रभु, म तपाईंलाई उचित बलिदानहरू चढ़ाउछु, र परमप्रभुमा भरोसा राख्छु। (भजनसंग्रह ४:५)

तपार्इंले भन्नुभयो, तपाईंमा शरण लिनेहरूचाहिँ रमाऊन्, र तिनीहरू सँधै हर्षले गाऊन्। तपाईंले नै तिनीहरूको रक्षा गर्नुहोस्, र तपाईंको नाउँलाई प्रेम गर्नेहरू तपाईंमा आनन्दित होऊन्। (भजनसंग्रह ५:११)

हे पिता, म तपाईंमा खुसी र आनन्दित हुन रोज्छु।

तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु। परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ। (१ यूहन्ना ५:१३, १४)

**म यो प्रार्थना येशूको नाउँमा गर्दछु, आमेन**

# विहिबार

## आराधना/उपासना

**“हाम्रो पिता” — परमेश्वरसँगको हाम्रो *सम्बन्ध***

प्रिय स्वर्गीय पिता,

हे परमप्रभु, मेरो पूरा हृदयले म तपाईंको प्रशंसा गर्नेछु। तपाईंका सबै आश्चर्यकर्महरूको वर्णन म गर्नेछु। (भजनसंग्रह ९:१)

म तपाईंमा रमाउनेछु र उल्लसित हुनेछु। हे सर्वोच्च परमेश्वर, तपाईंको नाउँमा म स्तुति गाउनेछु। (भजनसंग्रह ९:२)

तपाईंले भन्नुभयो, तपाईंको नाउँ जान्नेहरू जतिले आफ्नो भरोसा तपाईंमा राख्छन्, किनकि हे परमप्रभु, तपाईंको खोजी गर्नेहरूलाई तपाईंले त्याग्नुभएको छैन। (भजनसंग्रह ९:१०)

हे पिता, मलाई तपाईंको नाम (चरित्र) थाहा भएकोमा म कृतज्ञ छु हे परमेश्वर, म खुसीसाथ तपाईंमाथि भरोसा राख्छु।

म तपाईंलाई मेरो पिताको रूपमा दाबी गर्दछु। आज मेरो विचार, वचन र कार्यहरूमा तपाईंलाई आदर गर्न मलाई सहायता गर्नुहोस्।

परमेश्वरको डर भनेको दुष्टताप्रति तपाईंको चरित्र अपनाउनु हो भनेर तपाईंले भन्नुभयो। म अभिमान, अहङ्कार, खराब चालचलन र भड्काउने कुराहरूलाई घृणा गर्छु (हितोपदेश ८:१३)। मलाई यसो गर्न सहायता गर्नुहोस्।

दिनभरि प्रभुको भयमा हिँडेर मलाई तपाईंको आज्ञापालन गर्न सहायता गर्नुहोस् (हितोपदेश २३:१७)।

येशूको सुन्दरता आज मेरो जीवनमा चम्कियोस् ताकि मेरो वरिपरि भएका

सबैले मेरा असल कामहरू हेर्न सकून् र हे पिता, तपाईंको महिमा गर्न सकून् (मत्ती ५:१६)।

तपाईंको अनुमोदन मुस्कान मेरो जीवनमा रहोस्।

मलाई अरूप्रति दयालु हुने अनुग्रह दिनुहोस् जसरी तपाईं मप्रति दयालु हुनुहुन्छ (लूका ६:३६)।

पिता म धेरै आभारी छु किनकि तपाईंको पुत्र यस संसारमा आउनुभयो ताकि म पाप र स्वार्थपनाको अत्याचारबाट मुक्त हुन सकूँ।

हाम्रा प्रभु येशू ख्रीष्टको क्रूस बाहेक अरू कुनै पनि कुरामाथि घमण्ड गर्ने कुरा मदेखि दूर रहोस्, जसद्वारा मचाहिँ संसारको लेखि, र संसार मेरो लेखि क्रूसमा झुण्ड्याइएको छ। (गलाती ६:१४)

प्रभु येशू, तपाईंसँग मेरो एकताद्वारा म पापको लागि मरेको छु (रोमी ६:२)। म अहिले पापबाट मुक्त छु भनेर तपाईंले मलाई भन्नुहुन्छ (रोमी ६:७)।

तपाईंले मलाई उद्धार गर्नुभन्दा अघि म जुन व्यक्ति थिएँ —आत्मकेन्द्रित र पापी — मेरो नयाँ जन्मको क्षणमा ख्रीष्टसँगै क्रूसमा टाँसिएको थियो भनेर म सम्झन सकूँ (रोमी ६:६क)।

हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं। (रोमी ६:६ख)

तपाईंले मलाई विश्वास गर्न आज्ञा दिनुभयो र आफूलाई पापको लेखि मरेको तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएको ठान्छु। (रोमी ६:११)

शरीरका अभिलाषाअनुसार चल्नु नपरोस्भनी म आफ्नो मरणशील शरीरमा पापलाई राज्य गर्न दिन्नँ। (रोमी ६:१२)

मैले आफैलाई परमेश्वरकहाँ दिन्छु, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर्छु। (रोमी ६:१३)

यी आज्ञाहरू पालन गर्न र आज ख्रीष्टको शक्तिमा बाँच्न मलाई मद्दत गर्नुहोस्।

पिता, पवित्र आत्माको वरदानको लागि तपाईंलाई धन्यवाद। पवित्र आत्मा पिताको प्रतिज्ञा हो भनेर येशूले भन्नुभयो (लूका २४:४९)

धन्य पवित्र आत्मा, आज मलाई तपाईंको पवित्र उपस्थितिले भरिदिनुहोस् (एफिसी ५:१८)। मलाई मेरो जीवनको हरेक क्षेत्रमा तपाईंको नियन्त्रणको अधीनमा रहन सिकाउनुहोस्।

मेरो जीवनमा तपाईंको काममा बाधा पुर्याउने सबै कुराहरूबाट मलाई शुद्ध पार्नुहोस् (२ कोरिन्थी ७:१)।

आज म तपाईंलाई कुनै पनि प्रकारको दु:खी नपारूँ (एफिसी ४:३०)।

**"जो स्वर्गमा हुनुहुन्छ" — परमेश्वरको *राज्यसत्ता***

हे स्वर्गीय पिता, म आश्चर्यचकित छु किनकि तपाईंले मलाई आफ्नो सार्वभौम राजसत्तामा प्रेम गर्न चुन्नुभयो (यूहन्ना ३:१६)।

मप्रतिको तपाईंको प्रेम कारणहीन, स्वत:स्फूर्त र स्वतन्त्र छ। यो प्राप्त गर्न म योग्यको छैन, यो अतुलनीय छ, र यसको कहिल्यै अन्त्य हुनैछैन।

हे परमेश्वर, म मायालु, सुन्दर वा चतुर भएको कारणले गर्दा तपाईंले मलाई प्रेम गर्नुभएन। मेरो पापमा म अप्रिय, घृणित र मूर्ख थिएँ।

तपाईंले मलाई प्रेम गर्नुभयो किनभने तपाईंले मलाई प्रेम गर्न चुन्नुभयो (एफिसी २:४–५)।

तैपनि, तपाईंले आफ्नो प्रेममा पापलाई मेरो जीवनमा रहन दिन इन्कार गर्नुहुन्छ।

मलाई "तपाईंको पुत्रको स्वरूप" अनुरूप बनाउन तपाईं सक्रिय रूपमा काम गरिरहनुभएको छ (रोमी ८:२८–२९)।

हे प्रभु येशू, आज मलाई तपाईंको महिमामा हेर्न, र तपाईंको आत्माद्वारा एउटा

महिमादेखि अर्को महिमातिर तपाईंको स्वरूपमा रूपान्तरण हुन सहायता गर्नुहोस् (२ कोरिन्थी ३:१८)।

**"तपाईं नाउँ पवित्र होस्" – परमेश्वरको *प्रतिष्ठा***

हे पिता, म तपाईंको प्रतिष्ठाको रक्षा गरेर तपाईंको नाउँलाई पवित्र बनाउँछु किनकि तपाईं पवित्र परमेश्वर हुनुहुन्छ।

"सर्वशक्तिमान्‌परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।" (यशैया ६:३)

भजनरचयिताले भने, उहाँको पवित्र नाउँमा तिमीहरू गौरव गर, परमप्रभुलाई खोज्नेहरूका हृदय आनन्दित होऊन्। (भजनसंग्रह १०५:३)

साँच्चै हाम्रो ढाल परमप्रभुकै हो, र हाम्रा राजा इस्राएलका परमपवित्रकै हुन्। (भजनसंग्रह ८९:१८)

मलाई मद्दत गर्नुहोस्, जस्तै भजनले भन्छ,

"पवित्र हुन समय दिनुहोस्, संसार दौडिरहेको छ
धेरै समय येशूसँग मात्र गोप्य रूपमा बिताऊनुहोस्।
येशूलाई हेरेर, उहाँजस्तै तपाईं पनि हुनुहुनेछ।
तपाईंका मित्रहरूले तपाईंको चालचलनमा उहाँको समानता देख्नेछन्।

"पवित्र हुन समय दिनुहोस्, उहाँलाई तपाईंको मार्गदर्शक बन्न दिनुहोस्;
जे सुकै होस् उहाँभन्दा अघि नभाग्नुहोस्।
आनन्दमा होस् वा दुखमा, तपाईंको प्रभुको पछि लाग्नुहोस्,
अनि येशूलाई हेर्दै, उहाँको वचनमा सधैं भरोसा राख्नुहोस्।" [२]

२ जर्ज कोल स्टेबिन्स

## अन्तरबिन्ती

**"तपाईंको राज्य आओस्" — परमेश्वरको *राज्य***

तिमीहरूको जिम्मामा रहेकाहरूमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण भएर। (१ पत्रुस ५:३) तपाईंले सेवक हुनुको अर्थ के हो भन्ने उदाहरण बसाल्नुभयो (फिलिप्पी २:६, ७)।

किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।" (लूका १९:१०) तपाईंले आफ्नै इच्छा (यूहन्ना ६:३८), आफ्नै आनन्द (रोमी १५:३), न त आफ्नै कुराहरूको खोजी गर्नुभयो।

मलाई ख्रीष्टको मनलाई ग्रहण गर्न मदत गर्नुहोस् ताकि म आफ्नो आनन्द, सम्पत्ति, शक्ति, प्रदर्शन वा प्रतिष्ठाको पछि लाग्नुभन्दा तपाईंको र अरूको सेवा गर्दा बढी आनन्दित हुनेछु (फिलिप्पी २:५)।

तपाईंको राज्य नयाँ गरी जन्मेका पुरुष र स्त्रीहरूको हृदयमा आत्मिक राज्य हो। धेरै भन्दा धेरै मानिसहरूले तपाईंलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा चिन्ने क्रममा तपाईंको राज्य बढ्दै जाओस्। तपाईंमा मुक्ति नपाएकाहरूलाई मेलमिलाप गराउनको लागि मानिसहरूलाई परिश्रम गर्न पठाउनुहोस्।

स्थानीय मण्डलीका सबै पास्टरहरूलाई आषिश दिनुहोस्, बलियो पार्नुहोस् र प्रोत्साहन दिनुहोस् ताकि तिनीहरू तपाईंको वचनका सबै शिक्षाहरू प्रति सत्य हुन सकून, किनकि तपाईं दुष्टता विरुद्ध क्रोधको परमेश्वरका साथै पाप स्वीकार गर्ने र त्याग्नेहरूका लागि क्षमाका परमेश्वर पनि हुनुहुन्छ।

तपाईंले भन्नुभयो, 'मलाई पुकार्, र म तँलाई जवाफ दिनेछु र तैंले नजानेका गहिरा र गुप्त कुराहरू म तँलाई बताउनेछु'। (यर्मिया ३३:३)।

तिनीहरूले उद्धार पाउन भनेर म प्रार्थना गर्छु (उद्धार नपाएकाहरूको नाम भन्नुहोस्)।

हे पिता, तिनीहरूलाई येशूकहाँ डोर्याउनुहोस् (यूहन्ना ६:४४)। तिनीहरूलाई पश्चात्तापी हृदय दिनुहोस। तपाईंको लागि तिनीहरूमा भोक र तिर्खा सृजना गर्नुहोस्।

अन्धकारका शक्तिहरूलाई बाँध्नुहोस् जसले तिनीहरूलाई बन्धक बनाउँदछ र तपाईंको आवश्यकताको लागि तिनीहरूको आँखा खोलिदिनुहोस्।

तिनीहरूको मुक्तिको दिन चाँडै आओस्।

**"तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्"— परमेश्वरको *शासन***

हे प्रभु, मेरो परिवार, मेरो मण्डली, मेरो समुदाय, मेरो राष्ट्र र यस संसारमा पवित्र आत्माले के गर्न चाहनुहुन्छ र गरिरहनुभएको छ, त्यस अनुरूप हुन मलाई सहायता गर्नुहोस्।

मेरो इच्छा र दर्शनहरूको रक्षा गर्नुहोस् र डोर्याउनुहोस्, किनकि तपाईंले मलाई चेतावनी दिनुभएको छ कि कुनै मानिसले जतिसुकै देखे तापनि ऊ कहिल्यै सन्तुष्ट हुँदैन। मानिसले जतिसुकै सुने पनि ऊ सन्तुष्ट हुँदैन (उपदेशक १:८) यस संसारका कुराहरूले मेरो हृदयलाई कहिल्यै सन्तुष्ट पार्नेछैन। तपाईं र तपाईंको उपस्थितिले मात्र यो गर्न सक्छ।

तपाईंसँगको मेरो सम्बन्धबाट मेरो सन्तुष्टि र तृप्ति प्राप्त गर्न मलाई मद्दत गर्नुहोस्। म ख्रीष्टमा पूर्ण छु (परिपूर्णता छ) (कलस्सी २:१०)।

तपाईंले मलाई अघिबाटै प्रदान गर्नुभएको कुराको लागि कृतज्ञ हुन मलाई मद्दत गर्नुहोस्।

## अर्जीबिन्ती

**"हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्" – हाम्रा *स्रोतहरू***

> *परमेश्वरसँग असीमित स्रोतहरू छन्। तिनीहरू हाम्रा निम्ति उपलब्ध छन्। तपाईंको शारीरिक, आर्थिक, भावनात्मक र मानसिक आवश्यकताहरू पूरा गर्न उहाँलाई सोध्नुहोस्।*

प्रिय पिता, तपाईंले भन्नुभएको छ, यदि मैले तपाईंको राज्य र तपाईंको धार्मिकतालाई पहिले खोज्छु र यदि मैले तपाईंलाई मेरो जीवनमा पहिलो स्थान दिएँ भने तपाईंले मेरो सबै भौतिक आवश्यकताहरू पूरा गर्नुहुनेछ (मत्ती ६:३३)।

तपाईंको प्रतिज्ञाको लागि म तपाईंलाई धन्यवाद दिन्छु: "तर मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ।" (फिलिप्पी ४:१९)।

विगतमा तपाईंले मलाई दिनुभएको शारीरिक र भौतिक आशिषका लागि म तपाईंलाई धन्यवाद दिन्छु।

अब म तपाईंकहाँ मेरा आवश्यकताहरू ल्याउँछु ... (तिनीहरूको नाम भन्नुहोस्)।

म ... (संसारभरि उत्पीडित र खाँचोमा परेकाहरू) को लागि प्रार्थना गर्दछु।

पुरानो करारका याबेस जस्तै म प्रार्थना गर्छु, "बिन्ती छ, मलाई आशिष्‌दिएर ठूलो इलाका दिनुहोस् तपाईंको हात ममाथि रहोस्, र मलाई जोखिमबाट जोगाएर राख्नुहोस्, ताकि मलाई कुनै चोटले पनि नदुखोस्।" अनि परमेश्वरले तिनको बिन्ती सुन्नुभयो। (२ इतिहास ४:१०) कृपया मलाई मेरो प्रार्थनाको उत्तर दिनुहोस् जसरी तपाईंले याबेसलाई उसको प्रार्थनाको उत्तर दिनुभएको थियो।

## पाप–स्वीकार/मेलमिलाप

**“हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं” – *मेलमिलाप***

तपाईंले भन्नुभयो, यदि मेरो आफ्नै नाउँ दिइएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ, र मलाई खोजेर आफ्ना दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु, र तिनीहरूका पाप क्षमा गर्नेछु, र तिनीहरूको देशलाई म स्वस्थ्य पार्नेछु। (२ इतिहास ७:१४)

हे पिता, म तपाईंको वचनप्रति अझ बढी प्रेम राख्न र धर्मशास्त्रको स्मरण र ध्यानमा अझ बढी समय बिताउन मेरो आवश्यकतालाई स्वीकार गर्दछु।

तपाईंले भन्नुभयो, ख्रीष्टको वचन तिमीहरूमा प्रशस्ततासँग वास गरोस्। पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ, र परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ। (कलस्सी ३:१६)

यूहन्नाले भने, हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि। यसैकारणले त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन। प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौं, र हामी के होऔंला, सो अहिलेसम्म प्रकट भएको छैन। यति जान्दछौं, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं। अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ। (१ यूहन्ना ३:१-३)

येशूले भन्नुभयो, धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्। (मत्ती ५:८) आज मेरो मनसाय र सोचाइमा शुद्ध हुन मलाई मद्दत गर्नुहोस्।

पावलले भने, हाम्रो आज्ञाको लक्ष्य प्रेम हो, जो शुद्ध हृदय, असल विवेक र निष्कपट विश्वासबाट आउँछ। (१ तिमोथी १:५)

यसकारण जवानीका अभिलाषाहरू त्याग, र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरूका साथसाथै धार्मिकता, विश्वास, प्रेम र शान्तिको लक्ष्य राख्न मलाई मदत गर्नुहोस् । (२ तिमोथी २:२२)

मेरा पापहरू क्षमा गर्नुभएकोमा धन्यवाद ।

पश्चिमबाट पूर्व जत्ति टाढ़ा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यत्तिकै टाढ़ा हटाइदिनुभएको छ । (भजनसंग्रह १०३:१२) तपाईंले तिनीहरूलाई आफ्नो पिठ्युँपछाडि फ्याँकिदिनुभएको छ (यशैया ३८:१७) र तिनीहरूलाई फेरि केहिल्यै सम्झनु हुँदैन (यर्मिया ३१:३४) ।

तपाईंले तिनीहरूलाई आफ्नै खातिर मेट्नुभएको छ (यशैया ४३:२५), र ती सबैलाई समुद्रको गहिराइमा फ्याँकिदिनुभएको छ (मीका ७:१९) ।

तपाईंको कृपया र क्षमाको लागि म तपाईंको धन्यवाद दिन्छु ।

## आत्मिक लड़ाईं

**"हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस्" — हाम्रो *सुरक्षा***

हे पिता, म तपाईंको सुरक्षाको लागि तपाईंको प्रशंसा गर्दछु ।

तपाईंले भन्नुभयो, प्रभु त विश्वासयोग्य हुनुहुन्छ । उहाँले तिमीहरूलाई स्थिर गराउनुहुनेछ र दुष्टबाट सुरक्षित राख्नुहुनेछ । (२ थेसलोनिकी ३:३)

तपाईंको वचनअनुसार मेरा पाइलाहरू स्थिर गरिदिनुहोस्, र कुनै पापले ममाथि राज्य गर्न नपाओस् । (भजनसंग्रह ११९:१३३)

तपाईंको वचन पालन गरूँ भनेर, मैले आफ्ना गोडालाई हरेक खराब मार्गबाट अलग्ग राख्न मदत गर्नुहोस् (भजनसंग्रह ११९:१०१)

म तपाईंको व्यवस्था सदासर्वदा पालन गर्नेछु । म स्वतन्त्र भएर हिँड्नेछु, किनकि मैले तपाईंका आदेशहरू खोजी निकालेको छु । (भजनसंग्रह ११९:४४-४५)

हे पिता, आज तपाईंमा आत्मिक तवरमा बलियो हुन सकूँ। यो मेरो जीवनको लागि तपाईंको इच्छा हो। तपाईंले भन्नुभयो, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। (एफिसी ६:१०)

दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। (एफिसी ६:११)

यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। (एफिसी ६:१४, १५)

## प्रशंसा र धन्यवाद

**"किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्" — *प्रशंसा*को साथ समाप्त गर्नुहोस्।**

हे परमप्रभु, महानता, शक्ति, महिमा, गौरव र ऐश्वर्य तपाईंकै हुन्, किनकि स्वर्ग र पृथ्वीमा भएका सबै कुरा तपाईंकै हुन्। हे परमप्रभु, राज्य तपाईंकै हो, अनि सबैमाथि तपाईं सर्वोच्च हुनुहुन्छ। (१ इतिहास २९:११)

तपाईंले भन्नुभयो: हे धर्मीजन हो, परमप्रभुमा आनन्दसित भजन गाओ। सोझो मन भएकाहरूले उहाँको स्तुति गर्न सुहाउँदो छ। (भजनसंग्रह ३३:१)

तपार्इंले भन्नुभयो, म, परमप्रभु तेरा परमेश्वर हुँ, म तेरो दाहिने हात समात्छु, र तँलाई यसो भन्छु, 'नडरा, म तँलाई सहायता गर्नेछु'। (यशैया ४१:१३)

तपाईंले भन्नुभयो, प्रभुमा सँधै आनन्द गर। म फेरि पनि भन्दछु, आनन्द गर। (फिलिप्पी ४:४)

तपार्इंले भन्नुभयो, तँ पानीबाट भएर जाँदा म तेरो साथमा हुनेछु। तँ नदीहरूबाट भएर जाँदा तिनले तँलाई डुबाउनेछैनन्। तँ आगोबाट हिँडेर जाँदा डढ्नेछैनस्। त्यसको ज्वालाले तँलाई भस्म पार्नेछैन। किनभने म परमप्रभु, तेरा परमेश्वर हुँ, इस्राएलका परमपवित्र, तेरा उद्धारक। तँलाई छुटाउनका निम्ति मिश्रदेश, र तेरो सट्टामा कूश र सेबा म दिन्छु। (यशैया ४३:२-३)

म तपाईंको प्रशंसा गर्नेछु, किनकि परमेश्वरको निम्ति कुनै कुरा असम्भव छैन।" (लूका १:३७)

"हे परमप्रभु परमेश्वर, तपाईंले नै आफ्नो महाशक्ति र पसारिएको बाहुले आकाश र पृथ्वी सृष्टि गर्नुभएको हो। तपाईंको लागि कुनै काम कठिन छैन। (यर्मिया ३२:१७)

तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु। परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ। (१ यूहन्ना ५:१३,१४)

**म यो प्रार्थना येशूको नाउँमा गर्दछु, आमेन**

# शूक्रवार

## आराधना/उपासना

**“जो स्वर्गमा हुनुहुन्छ” — परमेश्वरसँगको हाम्रो *राज्यसत्ता***

प्रिय स्वर्गीय पिता,

तर हे परमेश्वर, तपाईं मेरो वरिपरि एक ढाल हुनुहुन्छ, तपाईं मेरो गौरव र मेरो शिर उच्च पारिदिने हुनुहुन्छ। (भजनसंग्रह ३:३)

मैले थाह पाएको भन्दा बढी तपाईंले मलाई प्रेम गर्नुहुन्छ र मेरो हेरचाह गर्नुहुन्छ। तपाईंको वचनले भन्छ, हे परमप्रभु मेरा परमेश्वर, तपाईंले गर्नुभएका अचम्मका कामहरू धेरै छन्, र तपाईंका विचारहरू हामीप्रति छन्। तपाईंसँग तुलना गर्न सक्ने कोही छैन। यदि मैले तिनीहरूको घोषणा गरें र तिनीहरूको बारेमा कुरा गरें भने, तिनीहरू गन्ती गर्न धेरै हुनेछन्। (भजनसंग्रह ४०:५)

हे पिता, मेरो सारा हृदय, समझ, प्राण र शक्तिले तपाईंलाई प्रेम गर्न मलाई मद्दत गर्नुहोस्, किनकि तपाईं प्रेम गर्न योग्य हुनुहुन्छ (मत्ती २२:३७)।

म तपाईंमा आनन्दित हुन्छु (भजनसंग्रह ३७:४), तपाईंको सेवामा आनन्दित हुन्छु (भजनसंग्रह १००:२), हरेक कुरामा तपाईंलाई खुसी पार्न चाहन्छु (२ कोरिन्थी ५:९), तपाईंमा मेरो आनन्द चाहन्छु (मत्ती ६:३३), र म तपाईंको पूर्ण आनन्दको लागि तिर्खाउँछु (भजनसंग्रह ४२:१–२)।

तपाईंलाई प्रेम गर्नुको अतिरिक्त मलाई “परमप्रभुको परमेश्वरको भय मान्न” आज्ञा दिनुभएको छ (व्यवस्था ६:२, १३, २४)।

मलाई तपाईंको भय मान्ने, तपाईंको सारा मार्गमा हिँड्ने, र मेरो सारा हृदय र मेरो सम्पूर्ण प्राणले तपाईंको सेवा गर्ने क्षमता दिनुहोस् (व्यवस्था १०:१२)।

यदि मैले तपाईंका सबै आज्ञाहरू लगनशीलतापूर्वक पालन गरें भने

मलाई आशिष दिने तपाईंको प्रतिज्ञाको लागि धन्यवाद दिन्छु (व्यवस्था ११:१२–१४)।

हे प्रभु येशू, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि तपाईंले मेरो निम्ति आफैलाई अर्पण गर्नुभयो (गलाती १:४क)।

तपाईंले मलाई प्रेम गर्नुहुन्छ र तपाईंको रगतद्वारा मलाई मेरा पापहरूबाट मुक्त गर्नुभयो (प्रकाश १:५)।

उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ। (कलस्सी १:१३)

हाम्रा परमेश्वर र पिताको इच्छाअनुसार उहाँले यस वर्तमान दुष्ट युगबाट हामीलाई छुटकारा दिनलाई हाम्रा पापका निम्ति आफैलाई अर्पण गर्नुभयो। (गलाती १:४ख)

येशूले तिनलाई भन्नुभयो, बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन। (यूहन्ना १४:६)

तपाईं स्वर्गको रोटी हुनुहुन्छ (यूहन्ना ६:४१) र जीवनको रोटी हुनुहुन्छ। कोही तपाईंकहाँ आउँछ भने ऊ कहिल्यै भोकाउँदैन र कहिल्यै तिर्खाउनेछैन (यूहन्ना ६:३५)।

"चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन्‌भन्ने हेतुले आएँ। (यूहन्ना १०:१०)

प्रभु येशू, तपाईंको मार्ग सही छन् (भजनसंग्रह १४५:१७), तपाईंको वचन अनन्त छ (भजनसंग्रह ११९:९९), तपाईंको इच्छा अपरिवर्तनीय छ, र तपाईंको मन ममा छ (भजनसंग्रह ४०:५)!

तपाईंको बन्धन प्रेम हो (कलस्सी ३:१४), तपाईंको बोझ ज्योति हो (मत्ती ११:३०), र मलाई तपाईंको वरदान प्रचुर जीवन हो (यूहन्ना १०:१०)।

तपाईंले मलाई कहिल्यै छोड्नुहुनेछैन (हिब्रू १३:५), मलाई बहकाउनुहुनेछैन, न मलाई बेवास्ता गर्नुहुनेछ नता मलाई बिर्सनुहुनेछ।

जब म लड्छु, तपाईंले मलाई उठाउनुहुन्छ । जब म असफल हुन्छु, तपाईंले मलाई क्षमा गर्नुहुन्छ (यूहन्ना १:९) ।

जब म कमजोर हुन्छु, तपाईं बलियो हुनुहुन्छ (२ कोरिन्थी १२:१०) । जब म अलमलमा पर्छु, तपाईं नै बाटो हुनुहुन्छ (यूहन्ना १४:६) ।

जब म डराउँछु, तपाईं मेरो साहस हुनुहुन्छ (यशैया ४१:१०) । जब मलाई चोट लाग्छ, तपाईंले मलाई सान्त्वना दिनुहुन्छ (२ कोरिन्थी १:३–४) ।

जब म टुट्छु, तपाईंले मलाई सुधार्नु हुन्छ (भजनसंग्रह १४७:३) । जब म भोको हुन्छु, तपाईं मलाई खुवाउनुहुन्छ (भजनसंग्रह १४५:१६) ।

जब म परीक्षाहरूको सामना गर्छु, तपाईंले मलाई प्रोत्साहन दिनुहुन्छ । जब म सतावटको सामना गर्छु, तपाईंले मलाई बचाउनुहुन्छ ।

जब म घाटाको सामना गर्छु, तपाईं मेरो लागि प्रबन्ध गर्नुहुन्छ । जब म मृत्युको सामना गर्छु, तब तपाईंले मलाई घर बोकेर लैजानुहुनेछ ।

मलाई चाहिएको सबै आवश्यकता वा इच्छा तपाईं नै हुनुहुन्छ । म तपाईंको हुँ र तपाईं मेरो हुनुहुन्छ । हल्लेलुयाह, कति महान मुक्तिदाता ![३]

धन्य पवित्र आत्मा, मलाई आज तपाईंमा हिंड्न सक्षम तुल्याउनुहोस् (गलाती ५:२५) ।

जसरी येशू पवित्र आत्माले परिपूर्ण हुनुभयो (लूका ४:१) र पवित्र आत्माको शक्तिमा हिँड्नुभयो (लूका ४:१४), आज मलाई पवित्रआत्माले भरिदिनुहोस् र सशक्त पार्नुहोस् ।

यो मेरो जीवनमा पवित्र आत्माको परिपूर्णताद्वारा म सुसज्जित भएको छु र येशूले मलाई चाहनुभएको साक्षी हुनको लागि सशक्त भएको छु (प्रेरित १:८) ।

हे पवित्र आत्मा, तपाईंको डोर्याइप्रति संवेदनशील हुन मलाई मद्दत गर्नुहोस् ।

---

३ एस. एम. लकरिजको प्रार्थनाबाट रूपान्तरित

पिता, पुत्र र पवित्र आत्मा, म तपाईंको प्रशंसा गर्दछु। तपाईं एक परमेश्वर हुनुहुन्छ, तीन व्यक्तिहरूमा आफूलाई प्रकट गर्नुहुन्छ।

तपाईं तीनमा–एक सबैभन्दा धन्यका त्रिएक परमेश्वर हुनुहुन्छ। र, मैले चाहेको सबै तपाईं हुनुहुन्छ !

**"जो स्वर्गमा हुनुहुन्छ" — परमेश्वरको *राज्यसत्ता***

स्वर्गीय पिता, म यस तथ्यमा आनन्दित छु कि "स्वर्गका सबै सेनाहरू तपाईंको दाहिने र देब्रेतिर तपाईंको छेउमा उभिएका छन्" (१ राजा २२:१९)।

तिनीहरू तपाईंको आज्ञा पालन गर्न तयार छन् (२ इतिहास १८:१८)।

तपाईं जाति-जातिका सबै राज्यहरूमा शासन गर्नुहुन्छ। तपाईंकै हातमा शक्ति र बल छन्। तपाईंको सामना गर्ने कोही छैन। (२ इतिहास २०:६)

कुनै पनि यस्तो बुद्धि, अन्तर्दृष्टि वा योजना छैन, जो परमप्रभुको विरुद्ध सफल हुन सक्छ। (हितोपदेश २१:३०)

उहाँले नै समय र ऋतुहरू परिवर्तन गर्नुहुन्छ। उहाँले राजाहरूलाई सिंहासनमा राख्नुहुन्छ र उनीहरूलाई अपदस्थ गर्नुहुन्छ। उहाँले समझदारहरूलाई बुद्धि दिनुहुन्छ अनि विवेकीहरूलाई ज्ञान दिनुहुन्छ। (दानिएल २:२१)

पूर्वदेखि होस्‌वा पश्चिमदेखि, अथवा मरुभूमिबाट होस्, कसैले पनि मानिसलाई उचाल्न सक्दैन। (भजनसंग्रह ७५:६)

**"तपाईं नाउँ पवित्र होस्" – परमेश्वरको *प्रतिष्ठा***

हे पिता, तपाईंले भन्नुभयो, तपाईंले भक्तजनहरूलाई आफ्नो निम्ति छुट्ट्याउनुभएको छ। मैले पुकार गर्दा परमप्रभुले सुन्नुहुन्छ। (भजनसंग्रह ४:३)

मेरो प्रार्थना सुन्नुभएकोमा धन्यवाद।

आज तपाईंको अनुग्रहले म तपाईंको दृष्टिमा ईश्वरीय जीवन बिताइरहेको छु।

तपाईंले भन्नुभयो, यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून् । (मत्ती ५:१६)

तपाईंले भन्नुभयो, तिमीहरू जे गर्छौ दिलोज्यानले गर्ने गर, मानिसको होइन, तर प्रभुको सेवा गरेजस्तै यो जानेर कि तिमीहरू आफ्ना उत्तराधिकार इनामको रूपमा पाउनेछौ । तिमीहरू प्रभु ख्रीष्टको सेवा गरिरहेका छौ । (कलस्सी ३:२३, २४)

आज मलाई यो गर्न मद्दत गर्नुहोस् ।

## अन्तरबिन्ती

**"तपाईंको राज्य आओस्" — परमेश्वरको *राज्य***

तपाईंको अनुग्रहद्वारा म ख्रीष्टको जस्तै मन राख्नेछु, जो ख्रीष्ट येशूमा पनि थियो । परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन । तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो । स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात्क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो । (फिलिप्पी २:५-८)

हे परमप्रभु, मलाई मेरो अधिकारहरू तपाईंसामु समर्पण गर्न दिनहुँ मद्दत गर्नुहोस् र मेरो जिम्मेवारीहरू पूरा गर्न र तपाईंलाई प्रसन्न तुल्याउन विश्वासयोग्य हुन मद्दत गर्नुहोस् ।

तपाईंको राज्य नयाँ गरी जन्मेका पुरुष र स्त्रीहरूको हृदयमा एउटा आत्मिक राज्य हो (लूका १७:२१) ।

धेरै भन्दा धेरै मानिसहरूले तपाईंलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा चिन्ने व्रmममा तपाईंको राज्य बढ्दै जाओस् ।

सार्वजनिक र निजी विद्यालयका सबै ईसाई शिक्षकहरूलाई परमेश्वरको अनुग्रह र प्रेमको गवाही दिन आशिष दिनुहोस्, बलियो पार्नुहोस् र प्रोत्साहन दिनुहोस् ।

तपाईंले प्रतिज्ञा गर्नुभयो, 'मलाई पुकार्, र म तँलाई जवाफ दिनेछु र तैंले नजानेका गहिरा र गुप्त कुराहरू म तँलाई बताउनेछु' । (यर्मिया ३३:३)

म (उद्धार नभएकाहरूको नाम) को लागि प्रार्थना गर्छु ।

कृपया, सही मानिसहरूलाई तिनीहरूको जीवनमा ल्याउनुहोस् जसले तिनीहरूलाई कसरी मुक्ति पाउने भनेर थाह पाउन मदत गर्नेछ ।

अन्धकारका शक्तिहरूलाई बाँध्नुहोस् जसले तिनीहरूलाई बन्धक बनाउँदछ र तपाईंको आवश्यकताको लागि तिनीहरूको आँखा खोलिदिनुहोस् ।

**"तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्"—परमेश्वरको *शासन***

तपाईंले मलाई भन्नुभयो, तिमीहरू पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढ़ाउने पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूँझै आत्मिक घर बन्दैजाओ । (१ पत्रुस २:५)

पत्थरहरूँझै निम्न आत्मिक बलिदानहरू चढाउनेछु:

१. धन्यवादको बलिदान (भजनसंग्रह ११६:१७) ।

२. जीवित बलिदानको रूपमा मेरो शरीर (रोमी १२:१) ।

३. असल कर्मको बलिदान (हिब्रू १३:१६) ।

४. मसँग भएका कुरा बाँड़चूँड़ गर्ने बलिदान (हिब्रू १३:१६) ।

५. यसकारण परमेश्वरलाई येशूद्वारा प्रशंसाको बलि निरन्तर चढ़ाऔं । यो प्रशंसा उहाँको नाउँ स्वीकार गर्ने ओठको फल हो । (हिब्रू १३:१५)

म त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हुँ । उहाँले मलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि म उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सकूँ । (१ पत्रुस २:९)

तपाईंले मलाई सँधै आनन्दित रहो। निरन्तर प्रार्थना गरिरहो। सबै परिस्थितिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरूका लागि परमेश्वरको इच्छा यही हो भनेर भन्नुभयो। (१ थेसलोनिकी ५:१६-१८)

तपाईंले मलाई भन्नुभयो, सँधै सबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढ़ाओ। (एफिसी ५:२०)

आज मलाई यो गर्न मद्दत गर्नुहोस्।

## अर्जीबिन्ती

**“हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्” – हाम्रा *स्रोतहरू***

प्रिय पिता, तपाईंले भन्नुभएको थियो कि यदि मैले पहिले तपाईंको राज्य र तपाईंको धार्मिकताको खोजी गरें भने र यदि मैले तपाईंलाई मेरो जीवनमा पहिलो स्थान दिएँ भने तपाईंले मेरो सबै भौतिक आवश्यकताहरू पूरा गर्नुहुनेछ (मत्ती ६:३३)।

पिता, कृपया मेरो परिस्थितिको बारेमा मैले कहिल्यै गनगन वा गुनासो गरेकोभए मलाई क्षमा गरिदिनुहोस्।

यदि मानिसहरूले मलाई गलत बुझ्छन् वा मप्रति निर्दयी छन् भने, “नोकर आफ्नो मालिकभन्दा ठूलो हुँदैन” भन्ने कुरा सम्झन मलाई मदत गर्नुहोस् (यूहन्ना १५:२०)। येशूलाई पनि गलत बुझियो र दुर्व्यवहार गरियो।

अज्ञात भविष्यको चिन्ता गरेकोमा मलाई पनि क्षमा गर्नुहोस्।

तपाईंले भन्नुभएको छ कि म कुनै कुराको चिन्ता गर्नेछैन, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवाद सहित मेरो बिन्ती तपाईंलाई जाहेर गर्नेछु (फिलिप्पी ४:६)।

तपाईं मलाई प्रतिज्ञा गर्नुहुन्छ यदि मैले यसो गरें भने परमेश्वरको शान्ति, जसले सबै समझलाई पार गर्दछ, ख्रीष्ट येशूमा मेरो हृदय र मेरो दिमागको रक्षा गर्नेछ (फिलिप्पी ४:७)।

तपाईंको प्रतिज्ञाको लागि म तपाईंलाई धन्यवाद दिन्छु: तर मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ । (फिलिप्पी ४:१९)

तपाईंले मलाई दिनुभएको आर्थिक आशिषको लागि म तपाईंलाई धन्यवाद दिन्छु ।

तपाईंलाई मेरो आर्थिक मामिलामा पहिलो स्थान दिन र सधैं मेरो आयको अगौटे फलको साथ तपाईंलाई विश्वासपूर्वक दशांश दिएर सम्मान गर्न मलाई सहायता गर्नुहोस् (हितोपदेश ३:९, १०) ।

म प्रार्थना गर्दछु ... (तपाईंको वास्तविक आवश्यकता परमेश्वरको इच्छाभित्र पर्छ) ।

तपाईंले पहिले नै गरिसक्नुभएको सबै कुराहरू सम्झन र कृतज्ञ हुन मलाई मद्दत गर्नुहोस् !

म (संसारभरि खाँचोमा परेकाहरू) को लागि प्रार्थना गर्छु ।

## पाप–स्वीकार/मेलमिलाप

**“हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं” – *मेलमिलाप***

*पाप–स्वीकरण भनेको आत्म–नम्रताको कार्य हो । यो परमेश्वरको अनुग्रह र सहयोगको आवश्यकताको स्वीकृति हो । उचित तरिकाले चढाइएको कुराले आत्मिक सुधारको इच्छा व्यक्त गर्दछ । पाप–स्वीकारण भनेको आफ्नो जीवनमा के गलत छ वा के परिवर्तन गर्नुपर्ने हो, त्यसबारे परमेश्वरको दृष्टिकोण र मनोवृत्ति अपनाउनु हो । अरूले तपाईंलाई जस्तोसुकै व्यवहार गरे तापनि स्वीकाररोक्तिले तपाईंको छनौट र मनोवृतिको लागि व्यक्तिगत जिम्मेवारी लिन्छ ।*

हे परमेश्वर, मलाई जाँच्नुहोस्, र मेरो हृदयलाई जान्नुहोस् । मलाई जाँच्नुहोस्, र मेरा चिन्ताहरूलाई जान्नुहोस् । हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि, र मलाई अनन्तको मार्गमा डोर्याइदिनुहोस् । (भजनसंग्रह १३९:२३,२४)

तपाईंले भन्नुभयो, जब तिमीहरू प्रार्थना गर्न खड़ा हुन्छौ, तब कसैको विरुद्धमा तिमीहरूको केही छ भने क्षमा गर, ताकि स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गरिदेऊन् । (मर्कूस ११:२५)

हे पिता, मैले क्षमा नगरेको व्यक्तिलाई मेरो समझमा ल्याउनुहोस् ।

जसले मेरो विरुद्धमा पाप गरेको छ, अथवा मलाई वा मलाई वास्ता गर्नेहरूलाई चोट पुर्याएको छ, त्यस्ता व्यक्तिहरूलाई क्षमा गर्ने अनुग्रह मलाई दिनुहोस् ।

तिनीहरूप्रतिको सबै तिक्तता, दुराशय वा रिसबाट मलाई शुद्ध पार्नुहोस् ।

हे पिता, तपाईंसँग नजिकभएर हिँड्नु र आत्माको प्रेरणा र जाँचप्रति तुरुन्तै आज्ञाकारिता विकास गर्नु मेरो आवश्यकता हो भनेर म स्वीकार गर्छु ।

हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु किनकी हे परमप्रभु, तपाईं भला र क्षमाशील हुनुहुन्छ, र तपाईंलाई पुकारा गर्नेहरू सबैलाई तपाईंको प्रेम प्रशस्त रहन्छ । (भजनसंग्रह ८६:५)

हे परमप्रभु, तपाईंले पापको लेखा लिनुभयो भने त, हे प्रभु, को खड़ा हुन सक्छ र? (भजनसंग्रह १३०:३)

मेरो पापहरू क्षमा गर्नुभएकोमा धन्यवाद ।

पश्चिमबाट पूर्व जत्ति टाढ़ा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यत्तिकै टाढ़ा हटाइदिनुभएको छ । (भजनसंग्रह १०३:१२) तपाईंले तिनीहरूलाई आफ्नो पिठ्युँपछाडि फ्याँकिदिनुभएको छ (यशैया ३८:१७) र तिनीहरूलाई फेरि केहिल्यै सम्झनु हुँदैन (यर्मिया ३१:३४) ।

तपाईंको कृपया र क्षमाको लागि म तपाईंको धन्यवाद दिन्छु ।

## आत्मिक लड़ाईं

**“हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस्” — हाम्रो *सुरक्षा***

हे पिता तपाईंले भन्नुभयो, धन्यका हुन् तिनीहरू, जसको आचरण निर्दोष छ, जो परमप्रभुको व्यवस्थामा चल्दछन् । धन्यका हुन्तिनीहरू, जसले उहाँका कानून पालन गर्दछन्, र उहाँलाई सम्पूर्ण हृदयले खोज्दछन् । (भजनसंग्रह ११९:१, २)

मेरो सम्पूर्ण हृदयले आज तपाईंलाई खोज्न मलाई मद्दत गर्नुहोस् ।

तपाईंले भन्नुभएको छ कि जसले आफ्नो सारा हृदयले तपाईंलाई खोज्छन् अधर्म गर्दैनन् तर तिनीहरू तपाईंको मार्गमा हिँड्छन् (भजनसंग्रह ११९:३) ।

हे पिता, आज तपाईंमा आत्मिक तवरमा बलियो हुन सकूँ । यो मेरो जीवनको लागि तपाईंको इच्छा हो ।

मलाई आत्मिक तवरमा चोट पुर्याउने कुराहरूबाट टाढै रहन मलाई सहायता गर्नुहोस् (२ तिमोथी २:२२) ।

मेरो कमजोरीको कारण शैतानले मलाई परास्त गर्न तयार पारेका परीक्षाहरूबाट मलाई जोगाउनुहोस् ।

तपाईंले भन्नुभयो, अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ । (एफिसी ६:१०)

मेरो खुट्टा मिलापको सुसमाचारका जुत्ता लाएर तयार हुनुपर्छ भनेर तपाईंले भन्नुभयो (एफिसी ६:१५) । मलाई तपाईंको सत्यमा दृढ रहन र तपाईंले मलाई अरूसँग येशूको सुसमाचार बाँडेको चाहनुहुन्छ भनेर पत्ता लगाउन मद्दत गर्नुहोस् ।

तपाईंले भन्नुभयो, साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै

अग्निबाण निभाउन सक्के छौ। (एफिसी ६:१६) आज म परीक्षामा पर्दा मेरो विश्वास नडगमगाओस् (लूका २२:३२)

मैले पवित्र आत्माको तरवार कसरी प्रयोग गर्ने भनेर सिक्नुपर्छ, जुन परमेश्वरको वचन हो। मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो। (एफिसी ६:१७)। मलाई तपाईंको वचन मेरो हृदयमा लुकाउन मदत गर्नुहोस् किनकि म तपाईंको विरूद्धमा पाप गर्नेछैन (भजनसंग्रह ११९:११)।

## प्रशंसा र धन्यवाद

**"किनभने राज्य, पराव्रmम र महिमा सदासर्वदा तपाईंकै हुन्" — *प्रशंसा*को साथ समाप्त गर्नुहोस।**

परमप्रभु, म तपाईंको प्रशंसा गर्दछु किनकि तपाईं सारा पृथ्वीको सृष्टिकर्ता, अनन्तको परमेश्वर, र परमप्रभु हुनुहुन्छ। तपाईं नता थकित न हैरान हुनुहुन्छ। तपाईंको समझ अकल्पनीय छ (यशैया ४०:२८)।

उहाँले थकितहरूलाई बल दिनुहुन्छ, र कमजोरहरूको शक्ति बढ़ाइदिनुहुन्छ। (यशैया ४०:२९)

युवक पनि दुर्बल र थकित हुन्छन्, र जवान मानिसहरू थाकेर लोट्छन्। तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ। तिनीहरू गरुडँझै माथि-माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरू थाक्के छैनन्। तिनीहरू हिँड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन्। (यशैया ४०:३०,३१)

**म यो प्रार्थना येशूको नाउँमा गर्दछु, आमेन**

# शनिबार

## आराधना/उपासना

**"हाम्रो पिता" — परमेश्वरसँगको हाम्रो *सम्बन्ध***

प्रिय स्वर्गीय पिता,

मलाई आवश्यक पर्ने सबै कुरा मलाई दिने प्रतिज्ञा गर्नुभएकोमा धन्यवाद (कलस्सी २:१०)।

तपाईंले भन्नुभयो, यदि मेरा बुबा र मेरी आमाले मलाई त्यागे तापनि परमप्रभुले मलाई सम्हाल्नुहुनेछ। (भजनसंग्रह २७:१०)

त्यसले मलाई यसो भनी पुकार्नेछ, 'तपाईं मेरा पिता हुनुहुन्छ, मेरा परमेश्वर र मेरो उद्धारको चट्टान हुनुहुन्छ।' (भजनसंग्रह ८९:२६)

"अल्फा र ओमेगा म नै हुँ," सर्वशक्तिमान् परमप्रभु परमेश्वर भन्नुहुन्छ, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो र जो आउनुहुनेछ। (प्रकाश १:८)

तपाईंको नाउँ अनन्तकालदेखिको हो (यशैया ६३:१६)।

हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ। बदली रहने छायाजस्तो उहाँमा कुनै हेरफेर हुँदैन। (याकूब १:१७)

मलाई तपाईंको खाँचो छ भन्ने कुरा हरेक दिन बुझ्न, महत्व दिन, कदर गर्न र आनन्दित हुन सकूँ!

म तपाईं प्रभु येशूको आराधना गर्छु, किनकि तपाईं नै हुनुहुन्छ जसको बारेमा यशैयाले भनेका थिए, किनभने हाम्रा निम्ति एक जना बालकको जन्म भएको छ। हाम्रा निम्ति एक जना छोरो दिइएको छ। शासन उहाँको काँधमा हुनेछ।

उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ। (यशैया ९:६)

तपाईं पवित्र हुनुहुन्छ (मर्कूस १:२४) र परमेश्वरको पुत्र हुनुहुन्छ (लूका १:३२)।

तपाईं परमेश्वरको थुमा हुनुहुन्छ (यूहन्ना १:२९) र तपाईं आफ्नो भेडाको प्रधान गोठालो हुनुहुन्छ (१ पत्रुस ५:४)।

तपाईं जीवनको स्रोत हुनुहुन्छ (प्रेरित ३:१५), र हाम्रो विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने हुनुहुन्छ (हिब्रू १२:२)।

तपाईं सर्वशक्तिमान परमप्रभु परमेश्वर हुनुहुन्छ (प्रकाश १५:३), राजाहरूका राजा, र प्रभुहरूका प्रभु हुनुहुन्छ (प्रकाश १९:१६)।

तपाईं संसारको ज्योति (यूहन्ना ८:१२), र बिहानको चहकिलो तारा हुनुहुन्छ (प्रकाश २२:१६)।

हिजो, आज र सदासर्वदा एकसमान हुनुभएकोमा तपाईंलाई धन्यवाद। (हिब्रू १३:८)

मैले चाहेको सबै तपाईं हुनुहुन्छ!

प्रभु येशू, तपाईंले भन्नुभयो, "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ। (यूहन्ना १५:५)

आज मेरो जीवन, मेरो विचार, मेरो चरित्र, र मेरो कार्यहरूमा तपाईंको महिमा होस्।

धन्य पवित्र आत्मा, म आज तपाईंको अगुवाई विरुद्ध विद्रोह गर्नेछैन वा तपाईंलाई कुनै पनि प्रकारले दुखित तुल्याउँनेछैन (यशैया ६३:१०)।

तपाईंले भन्नुभयो, परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। (एफिसी ४:३०)

पवित्र आत्मा, म तपाईंलाई धन्यवाद दिन्छु किनकि तपाईं मेरो शिक्षक र मेरो सल्लाहकार हुनुहुन्छ (यूहन्ना १४:२६)।

तपाईं सत्यको आत्मा हुनुहुन्छ (यूहन्ना १४:१७)।

मलाई सत्यलाई प्रेम गर्न र सधैं प्रेममा सत्य बोल्न मद्दत गर्नुहोस् (एफिसी ४:१५)।

परमप्रभुका आत्मा उहाँमा रहनुहुनेछ— बुद्धि र समझका आत्मा, सल्लाह र शक्तिका आत्मा, ज्ञान र परमप्रभुको भयको आत्मा (यशैया ११:२)

तपाईंले येशूको महिमा गर्नुहुन्छ र मलाई साँचो बनाउनुहुन्छ (यूहन्ना १६:१४)।

**"जो स्वर्गमा हुनुहुन्छ" — परमेश्वरको *राज्यसत्ता***

ए मेरो प्राण, परमप्रभुको प्रशंसा गर्। हे परमप्रभु मेरा परमेश्वर, तपाईं अति महान् हुनुहुन्छ। तपाईं वैभव र ऐश्वर्यमा विभूषित हुनुहुन्छ। (भजनसंग्रह १०४:१)

उहाँले प्रकाशलाई पोशाकँझै पहिरनुभएको छ, उहाँले आकाशलाई पालजस्तै टाँग्नुभएको छ। (भजनसंग्रह १०४:२)

उहाँले आफ्ना कोठाहरूका दलिनहरू पानीमाथि स्थिर गर्नुहुन्छ। उहाँले बादललाई आफ्नो रथ तुल्याउनुहुन्छ, र बतासका पखेटामाथि उहाँ सवार हुनुहुन्छ। (भजनसंग्रह १०४:३)

पिता, म तपाईंको प्रशंसा गर्दछु किनकि तपाईं उच्च र श्रेष्ठ स्थानमा बस्नुहुन्छ र तपाईं मसँग व्यक्तिगत सम्बन्ध राख्न छनौट गर्नुहुन्छ। तपाईं सधैं मेरो साथमा हुनुहुन्छ। तपाईंले मेरो दाहिने हात थाम्नुभएको छ (भजनसंग्रह ७३:२३)।

तपाईंले मलाई दिनहुँ आफ्नो सल्लाहमा डोर्याउनुहुन्छ। त्यसपछि तपाईंले मलाई महिमामा लानुहुनेछ। स्वर्गमा तपाईंबाहेक मेरो अरू को छ र? पृथ्वीमा पनि मैले चाहना गर्ने तपाईंबाहेक अरू केही छैन (भजनसंग्रह ७३:२४, २५)।

**"तपाईं नाउँ पवित्र होस्" – परमेश्वरको *प्रतिष्ठा***

तपाईंको वचन भन्छ, "आफैलाई ममा अर्पण गरेर पवित्र होओ । किनभने म परमप्रभु तिमीहरूका परमेश्वर हुँ । (लेवीहरू २०:७)

मानिसहरूले तपाईंको पवित्रता मेरो जीवनबाट चम्किरहेको देख्न सकून्, किनकि तपाईंले मलाई आज्ञा दिनुभयो, तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ (१ पत्रुस १:१५)

## अन्तरबिन्ती

**"तपाईंको राज्य आओस्" — परमेश्वरको *राज्य***

हे प्रभु तपाईंले हामीलाई हाम्रो धन्यको आशा— हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतीक्षा गर्न सिकाउनुहुन्छ । (तीतस २:१३)

हे परमेश्वर, तपाईंलाई प्रेम गर्नेहरू र तपाईंको सत्यतामा हिँड्नेहरूलाई प्रतिज्ञा गर्नुहुन्छ, कि जब येशू प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं । किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं । त्यसपछि तपाईं यस्तो सल्लाह दिनुहुन्छ, "जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ ।" (१ यूहन्ना ३:२, ३) ।

मलाई मेरो विचार, वचन र मनसायमा शुद्ध हुन मद्दत गर्नुहोस् ।

तपाईंको राज्य नयाँ गरी जन्मेका पुरुष र स्त्रीहरूको हृदयमा आत्मिक राज्य हो ।

मानिसहरूले तपाईंलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा चिन्न थालेपछि तपाईंको राज्य झन–झन बढ्दै जाओस् ।

संसारभरि तपाईंका लागि परिश्रम गर्ने सबै सुसमाचार प्रचारकहरूलाई आशिष दिनुहोस्, बलियो पार्नुहोस् र प्रोत्साहन दिनुहोस् ।

तिनीहरूले उद्धार पाउन भनेर म प्रार्थना गर्छु (उद्धार नपाएकाहरूको नाम भन्नुहोस्)।

हे परमेश्वर, जबसम्म तिनीहरू पापमा आन्दित रहन्छन्, तबसम्म तिनीहरूले तपाईंको खाँचो महसुस गर्नेछैनन्। यसकारण, पापका सुखहरूलाई तिनीहरूको मुखमा खरानी र धुलोमा परिणत गरिदिनुहोस्। तिनीहरूलाई तपाईंको इच्छा र तपाईंको मार्गमा डोर्याउँनुहोस् (होशे २:८, ९)।

तिनीहरूको मुक्तिको दिन चाँडै आओस्।

**"तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्"— परमेश्वरको *शासन***

तपाईंले भन्नुभएको छ कि मैले सबै कुरालाई होसियारीपूर्वक जाँच्नुपर्छ र असल कुरालाई मात्र दृढतापूर्वक धारण गर्नुपर्छ (१ थेसलोनिकी ५:२१)।

म सबै किसिमका खराबी र दुष्टताको प्रकटीकरणबाट पनि अलग रहनुपर्छ (१ थेसलोनिकी ५:२२)।

म शान्तिका परमेश्वरलाई मलाई पूर्णतया (पूर्ण, द्वारा र द्वारा) चोखाँ तुल्याउन दिनेछु, ताकि परमेश्वरले हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा मेरो सम्पूर्ण आत्मा, प्राणा र शरीरलाई निर्दोष राख्न सक्नुहुनेछ (१ थेसलोनिकी ५:२३)।

तपाईं मलाई प्रतिज्ञा गर्नुहुन्छ कि विश्वासयोग्य परमेश्वर जसले मलाई पूर्ण रूपमा पवित्र हुन बोलाउनुहुन्छ यदि मैले उहाँलाई सहकार्य गरें भने यो गर्नुहुनेछ (१ थेसलोनिकी ५:२४)।

प्रत्येक दिन पूर्णतया पवित्र मेरो जीवन होस् किनकि म तपाईंको इच्छामा पूर्ण रूपमा समर्पण गर्दछु।

## अर्जीबिन्ती

**“हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्” – हाम्रा *स्रोतहरू***

प्रिय पिता, तपाईंले भन्नुभयो, यसकारण यदि तिमीहरू ख्रीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरूको खोजी गर, जहाँ ख्रीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको छ । (कलस्सी ३:१)

मैले पृथ्वीमा भएका कुराहरूमा होइन, माथिका कुराहरूमा आफ्नो मन लगाउनुपर्छ (कलस्सी ३:२) । मलाई यो गर्न मद्दत गर्नुहोस् ।

हे पिता, कृपया मेरो परिस्थितिको बारेमा मैले कहिल्यै गनगन वा गुनासो गरेको भए मलाई क्षमा गरिदिनुहोस् । तपाईं मेरो लागि योग्य हुनुहुन्छ जसको लागि म हकदार छु ।

तपाईंको प्रतिज्ञाको लागि म तपाईंलाई धन्यवाद दिन्छु: तर मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ ।” (फिलिप्पी ४:१९)

तपाईंले मलाई भावनात्मक, मानसिक, शारीरिक र आत्मिक स्वास्थ्यको आशिष दिनुभएको लागि म तपाईंलाई धन्यवाद दिन्छु ।

म प्रार्थना गर्दछु ... (तपाईंको वास्तविक आवश्यकता परमेश्वरको इच्छाभित्र पर्छ) ।

## पाप–स्वीकार/मेलमिलाप

**“हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं” – *मेलमिलाप***

तपार्ईले हामीलाई भन्नुभएको छ: किनकि हामी सबै धेरै भूल गर्दछौं । जुन मानिसले आफूले बोल्ने कुरामा भूल गर्दैन, त्यसले आफ्ना सारा शरीरमा पनि लगाम लगाउन सक्छ, र त्यो सिद्ध मानिस हुन्छ । (याकूब ३:२)

मेरो जिब्रो मेरो शरीरको सानो अङ्ग हो, तर यसले ठूलो क्षति गर्न सक्छ। तपाईंले जिब्रो आगोजस्तै हो भन्नुभयो (याकूब ३:५, ६)।

मेरो जिब्रोलाई हानिकारक तरिकामा वा तपाईंलाई अप्रसन्न तुल्याउने तरिकाहरू प्रयोग नगर्न मलाई मद्दत गर्नुहोस्।

तपाईं हामीलाई भन्नुहुन्छ, तिमीहरू एकले-अर्कासँग आ-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ। (याकूब ५:१६)

हे पिता, म अरू मानिसहरूप्रति अझ बढी संवेदनशीलता र तिनीहरूप्रति ख्रीष्टको प्रेम व्यक्त गर्ने अझ ठूलो क्षमताको आवश्यकतालाई स्वीकार गर्दछु।

हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु कि तपाईं "भला र क्षमाशील हुनुहुन्छ, र तपाईंलाई पुकारा गर्नेहरू सबैलाई तपाईंको प्रेम प्रशस्त रहन्छ।" (भजनसंग्रह ८६:५)।

मेरा पापहरू क्षमा गर्नुभएकोमा धन्यवाद।

म भजनरचयितासँग सहमत हुन्छु, हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर्, ए मेरो सारा अन्तस्करण, उहाँको पवित्र नाउँको स्तुति गर्। हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर्, र उहाँका सबै उपकारहरू नबिर्सी— जसले तेरा सबै पापहरू क्षमा गर्नुहुन्छ, र तेरा सबै रोगहरू निको पार्नुहुन्छ, जसले तेरो जीवनलाई मृत-लोकबाट मुक्त गर्नुहुन्छ, र तँलाई करुणा र कृपाको मुकुट लगाइदिनुहुन्छ, जसले, तेरा इच्छाहरू उत्तम कुराले तृप्त गर्नुहुन्छ, ताकि तेरो जवानी चीलको जस्तै फेरि नयाँ होस्। (भजनसंग्रह १०३:१-५)

## आत्मिक लड़ाईं

**"हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस्" — हाम्रो *सुरक्षा***

मलाई मेरो सम्पूर्ण हृदयले तपाईंमा भरोसा गर्न र मेरो आफ्नै समझशक्तिमा भर नपर्न मद्दत गर्नुहोस्। तपाईंलाई चिन्न (तपाईंको मन- मैले सामना गर्ने

प्रत्येक परिस्थितिको बारेमा तपाईं कसरी सोच्नुहुन्छ) र आज तपाईंको मार्गमा हिँड्न मलाई मदत गर्नुहोस्। तपाईंले प्रतिज्ञा गर्नुभयो कि यदि मैले यसो गरें भने, तपाईंले मेरो मार्ग निर्देशन गर्नुहुनेछ (हितोपदेश ३:५-६)।

ममाथि स्वर्गबाट आएको बुद्धि होस् जुन "पहिले शुद्ध, त्यसपछि शान्तिप्रिय, कोमल (विचारशील), व्यवहार गर्न सजिलो (तर्कसंगत), दया र असल फलले भरिएको, निष्पक्ष र कपटरहित (निष्कपट) हुन्छ (याकूब ३:१७)।

तपाईंले भन्नुभयो, "धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्।" (मत्ती ५:८) मेरो विचार र मनसाय आज तपाईंको दृष्टिमा शुद्ध भएको होस्।

मैले मुक्तिको टोप लगाएको छु (एफिसी ६:१७ क)। मेरा सबै विचारहरू येशू ख्रीष्टको आज्ञाकारिताको लागि कैदमा ल्याइयोस् (२ कोरिन्थी १०:५)। शत्रुले मेरो मनमा राख्ने विचारहरू तुरुन्तै पत्ता लगाउन र सुरक्षाको लागि येशूको रगतमा भाग्न मलाई मद्दत गर्नुहोस् (प्रकाश १२:११)।

मलाई पवित्र आत्माको तरवार कसरी प्रयोग गर्ने भनेर सिकाउनु होस्, जुन परमेश्वरको वचन हो (एफिसी ६:१७ ख)। म तपाईंको वचन मेरो हृदयमा लुकाऊँ ताकि म तपाईंको विरूद्धमा पाप नगरूँ (भजन संग्रह ११९:११)

## प्रशंसा र धन्यवाद

**"किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्" — *प्रशंसा*को साथ समाप्त गर्नुहोस्।**

> *परमेश्वरको ओहदा, उहाँको शक्ति, उहाँको महिमा र उहाँको महिमामा ध्यान दिनुहोस्। आफ्नो हृदयलाई प्रशंसाद्वारा प्रोत्साहन दिनुहोस्।*

हे परमप्रभु, महानता, शक्ति, महिमा, गौरव र ऐश्वर्य तपाईंकै हुन्, किनकि

स्वर्ग र पृथ्वीमा भएका सबै कुरा तपाईंकै हुन् । हे परमप्रभु, राज्य तपाईंकै हो, अनि सबैमाथि तपाईं सर्वोच्च हुनुहुन्छ । (१ इतिहास २९:११)

किनकि हे परमप्रभु, तपाईंले धर्मीहरूलाई आशिष्‌दिनुहुन्छ, ढालले रक्षा गरेँझै आफ्नो कृपा-दृष्टिले तिनीहरूलाई घेरिराख्नुहुन्छ । (भजनसंग्रह ५:१२)

मैले परमप्रभुलाई सँधै मेरो सामुन्ने राखेको छु । उहाँ मेरो दाहिने हाततर्फ हुनुहुन्छ, यसकारण म डग्नेछैनँ । (भजनसंग्रह १६:८)

परमप्रभुले कृपाको निम्ति मेरो पुकार सुन्नुभएको छ, मेरो प्रार्थना परमप्रभुले ग्रहण गर्नुहुन्छ । (भजनसंग्रह ६:९)

उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नु हुन्छ । उहाँलाई नै पुस्ता-पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस् । आमेन । (एफिसी ३:२१, २२)

**म यो प्रार्थना येशूको नाउँमा गर्दछु, आमेन**

# आइतबार

## आराधना/उपासना

**"हाम्रो पिता" — परमेश्वरसँगको हाम्रो *सम्बन्ध***

प्रिय स्वर्गीय पिता,

भजनरचयिताले सोध्छन्: परमप्रभुको डाँड़ामा को उक्लन सक्ला? र उहाँको पवित्रस्थानमा को खड़ा हुन सक्छ? (भजनसंग्रह २४:३)

यसरी उत्तर आउँछ, त्यही नै, जसको हात निर्दोष छ, र जसको हृदय निर्मल छ, जसले आफ्नो मनलाई मूर्तितिर लगाएको छैन, र जसले झूटो कुरामाथि शपथ खाँदैन। (भजनसंग्रह २४:४)

आज मेरा हातहरू सफा र मेरो हृदय शुद्ध गराउनुहोस्। मेरो ओठबाट कुनै छल वा झूट ननिस्कोस्।

तपाईं सत्यको परमेश्वर हुनुहुन्छ (व्यवस्था ३२:४)। तपाईंको सत्यतामा मलाई डोर्याउनुहोस्, र मलाई सिकाउनुहोस्, किनकि तपाईं नै मेरा उद्धारका परमेश्वर हुनुहुन्छ, र दिनभरि तपाईंमा नै मेरो आशा छ। (भजनसंग्रह २५:५)

तपाईंको ज्योति र तपाईंको सत्यता पठाइदिनुहोस्। तिनैले मलाई डोर्याऊन्, तिनले नै मलाई तपाईंको पवित्र पर्वतमा, त्यो वासस्थानमा पुर्याऊन्, जहाँ तपाईं वास गर्नुहुन्छ। (भजनसंग्रह ४३:३)

निश्चय नै हृदयको सत्यता तपाईं चाहना गर्नुहुन्छ, अन्तस्करणमा तपाईं मलाई बुद्धिका कुरा सिकाउनुहुन्छ। (भजनसंग्रह ५१:६) दयालु, प्रेमिलो र विचारशील तरिकामा आज पूर्ण सत्यवादी हुन मलाई मद्दत गर्नुहोस्।

हे परमप्रभु, मेरो चट्टान र मेरा उद्धारक, मेरो मुखका शब्द र मेरो हृदयका ध्यान तपाईंको दृष्टिमा ग्रहणयोग्य होऊन्। (भजनसंग्रह १९:१४)

प्रभु येशू म तपाईंलाई धन्यवाद दिन्छु किनकि तपाईं माथिबाट आउनुभएको हो र यस संसारको होइनँ (यूहन्ना ८:२३)।

तपाईं असल गोठालो हुनुहुन्छ जसले भेडाको निम्ति आफ्नो जीवन दिनुहुन्छ (यूहन्ना १०:११)। तपाईं आफ्ना भेडाहरूलाई चिन्नुहुन्छ र तपाईंका भेडाहरूले तपाईंको आवाज जान्दछन् र तपाईंको पछि लाग्दछन् (यूहन्ना १०:२७)।

मलाई तपाईंको कुरा सुन्न र तपाईंको आवाज पालन गर्न तपाईंको भेडामध्ये एकको रूपमा मद्दत गर्नुहोस्। म तपार्इंले जहाँ डोर्याउनुहुन्छ, त्यहीं पछ्याउन चाहन्छु किनकि तपार्इंले सधैं धार्मिकताको मार्गमा डोर्याउनुहुन्छ। (भजनसंग्रह २३:३)

तपाईंले ती भेडाहरूलाई दिनुहुन्छ जसले विश्वासयोग्य भई सुन्छन्, आज्ञा पालन गर्छन् र तपाईंलार्इ पछ्याउछन् अनि तिनीहरू कहिल्यै नाश हुनेछैनन्। कसैले तिनीहरूलाई तपाईंको हातबाट खोस्न सक्दैन (यूहन्ना १०:२८)।

तपाईंले प्रदान गर्नुभएको आत्मिक सुरुक्षाको लागि धन्यवाद।

हे प्रभु येशू, म तपाईंको आराधना गर्छु, किनकि तपाईं पुनरुत्थान र जीवन हुनुहुन्छ। जसले तपार्इंमाथि विश्वास गर्छन् तिनीहरू मरेका भए तापनि जीवित रहनेछन् (यूहन्ना ११:२५)।

तपाईं साँचो दाखको बोट हुनुहुन्छ र पिता किसान हुनुहुन्छ। तपाईंमा भएका हरेक हाँगा, जसले फल फलाउँदैन, पिताले त्यसलाई हटाइदिनुहुन्छ, र प्रत्येक हाँगा जसले फल फलाउँछ, त्यसलाई पिताले छाँट्नुहुन्छ, ताकि यसले अझ धेरै फल फलाउन सकोस् (यूहन्ना १५:१-२)।

मलाई मेरो जीवनमा ती कुराहरू हेर्न मद्दत गर्नुहोस् जुन छाँटकाँट गर्न वा परिवर्तन गर्न आवश्यक छ र दुःख पर्दा पनि म तपाईंको प्रेमिलो हातबाट प्रतिरोध गर्ने वा भाग्ने छैन।

धन्य पवित्र आत्मा, परमेश्वरको प्रेम मेरो ह्युदमा खन्याउनु भएकोमा धन्यवाद (रोमी ५:५)।

तपाईं हाम्रो जीवनमा फल ल्याउने हाम्रो आत्माको स्वर्गीय किसान हुनुहुन्छ।

प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता र संयमको आत्मिक फल मेरो जीवनमा बढोस् र विकसित होस् (गलाती ५:२२, २३)।

मलाई यो सम्झन मदत गर्नुहोस् कि मेरो शरीर पवित्र आत्माको मन्दिर हो जो ममा हुनुहुन्छ, जसलाई मैले परमेश्वरबाट पाएको छु, र म मेरो आफ्नै होइन। म एक मूल्यमा किनेको छु। यसैले मैले मेरो शरीरमा, र मेरो आत्मामा परमेश्वरको महिमा गर्नु पर्दछ, जुन परमेश्वरका हुन् (१ कोरिन्थी ६:१९, २०)।

म मेरो शरीरमा र मेरो पहिरन र त्यसको प्रयोग गर्ने तरिकामा, र मेरो आत्मामा मैले सोच्ने र व्यक्त गर्ने तरिकामा तपाईंको महिमा गर्न सकूँ।

धर्मशास्त्रले भन्छ, हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँडौं। (गलाती ५:२५)

कृपया, मलाई तपाईंको अगुवाईप्रति संवेदनशील र आज्ञाकारी हुन मद्दत गर्नुहोस्।

### "जो स्वर्गमा हुनुहुन्छ" — परमेश्वरको *राज्यसत्ता*

भजनरचयिताले भने, जो परमप्रधानको शरणमा वास गर्दछ, त्यो मानिस सर्वशक्तिमान्को छत्रछायामुनि रहन्छ। (भजनसंग्रह ९१:१)

किनकि तपाईं अनन्त ज्ञान र शक्ति भएको राजाहरूका राजा हुनुहुन्छ र मलाई भविष्यसँग डराउनुपर्ने कुनै कारण छैन।

परमप्रभुको बारेमा म भन्नेछु, "उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ, मेरा परमेश्वर, जसमाथि म भरोसा राख्तछु।" (भजनसंग्रह ९१:२)

निश्चय नै उहाँले तिमीलाई शिकारीको पासोबाट, र घातक रूढ़ीबाट बचाउनुहुनेछ। (भजनसंग्रह ९१:३)

उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले छोप्नुहुनेछ, र उहाँका पखेटामुनि तिमीले शरण पाउनेछौ। उहाँको विश्वसनीयता तिम्रो ढाल र पर्खाल हुनेछ। (भजनसंग्रह ९१:४)

मैले कसलाई विश्वास गरेको छु भनेर म जान्दछु र म विश्वस्त छु किनकि मैले तपाईंलाई सुम्पेका कुराहरू तपाईं आफ्नो उपस्थितिको दिनसम्म सुरक्षित राख्न सक्नुहुन्छ (२ तिमोथी १:१२)।

**"तपाईं नाउँ पवित्र होस्" – परमेश्वरको *प्रतिष्ठा***

स्वर्गीय पिता, तपाईंले भन्नुभयो, यसकारण चाहे तिमीहरू खाओ, अथवा पिओ, वा तिमीहरू जेसुकै गर, सबै परमेश्वरका महिमाको निम्ति गर। (१ कोरिन्थी १०:३१)

तपाईंको महिमा तपाईंको अद्वितीय गुणहरू र सिद्धताहरूको उदात्त प्रदर्शन हो।

आज म तपाईंसित हिँड्दा मेरो जीवनले तपाईंको महिमा ल्याउन सकोस्।

म तपाईंको पवित्र नाउँलाई अपवित्र तुल्याउने कुनै काम नगरूँ (लेवीहरू २२:३२)।

मलाई पवित्र बनाउनुहोस् जसरी तपाईं पवित्र हुनुहुन्छ।

## अन्तरबिन्ती

**“तपाईंको राज्य आओस्” — परमेश्वरको *राज्य***

> *अनन्तकालदेखि परमेश्वरको योजना पृथ्वीमा धार्मिकता र पवित्रताको राज्य स्थापना गर्नु हो (मत्ती २५:३४)। परमेश्वरको राज्यको स्थापना दुई चरणमा हुन्छ। पहिलो चरण आत्मिक हो। परमेश्वरले आफ्ना जनहरूको हृदय र जीवनमा शासन गर्नुहुन्छ (कलस्सी १:१३)। “तपाईंको राज्य आओस्” भनी प्रार्थना गर्दा मानिसहरूले उद्धार पाऊन् र परमेश्वरको राज्यको नागरिक बनून् भनेर प्रार्थना गरिरहेका हुन्छौं (मत्ती ९:३५)। राज्यको आओस् भन्ने प्रार्थनाको दोस्रो चरण भौतिक हो। जब येशू दोस्रो पटक आउनुहुनेछ, उहाँले पृथ्वीका सबै राज्यहरूलाई चकनाचूर पार्नुहुनेछ, र आफूलाई सारा संसारको राजाको रूपमा स्थापित गर्नुहुनेछ (दानिएल २:४४–४५)। यस अर्थमा हामी “तपाईंको राज्य आओस्” भनी प्रार्थना गर्दा हामी येशूको दोस्रो आगमनको व्यग्र प्रतिक्षा गरिरहेका हुन्छौं (प्रकाश २२:२०)।*

धार्मिकता र न्याय तपाईंको सिंहासनका जग हुन्, प्रेम र विश्वस्तता तपाईंको अगि जान्छन्। (भजनसंग्रह ८९:१४)

तपाईं जे गर्नुहुन्छ त्यो सबै सही र न्यायोचित हुन्छ। तपाईंले मेरो जीवनमा केही कुराहरू किन हुन दिनुहुन्छ भनेर मैले नबुझे तापनि म सधैं सम्झन सक्छु किनकि तपाईं असाध्यै प्रेमिलो र बुद्धिमानी हुनुहुन्छ।

मेरो मुखले परमप्रभुको प्रशंसामा बोल्नेछ। प्रत्येक प्राणीले सदासर्वदा उहाँको पवित्र नाउँको प्रशंसा गरून्। (भजनसंग्रह १४५:२१)

तपाईंको राज्य आओस्।

परमेश्वर, संसारभरि तपाईंका लागि परिश्रम गर्ने सबै प्रचारकहरू, मिसनरीहरू, शिक्षकहरू, पास्टरहरू र सुसमाचार प्रचारकहरूलाई आशिष दिनुहोस्, बलियो पार्नुहोस् र प्रोत्साहन दिनुहोस्।

आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून्‌भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान्‌हुनुहुन्छ। (२ पत्रुस ३:९)

तिनीहरूले उद्धार पाउन भनेर म प्रार्थना गर्छु (उद्धार नपाएकाहरूको नाम भन्नुहोस्)।

कृपया, सही मानिसहरूलाई तिनीहरूको जीवनमा ल्याउनुहोस् जसले तिनीहरूलाई कसरी मुक्ति पाउने भनेर थाह पाउन मदत गर्नेछ।

अन्धकारका शक्तिहरूलाई बाँध्नुहोस् जसले तिनीहरूलाई बन्धक बनाउँदछ र तपाईंको आवश्यकताको लागि तिनीहरूको आँखा खोलिदिनुहोस्।

**"तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्"— परमेश्वरको *शासन***

तपाईंले मलाई बचाउनु भएको छ, र मलाई पवित्र बोलावटको साथ बोलाउनु भएको छ, मेरो कामअनुसार होइन, तर तपाईंको आफ्नै अभिप्राय र अनुग्रहअनुसार, जुन संसार सुरु हुनुभन्दा पहिले ख्रीष्ट येशूमा मलाई दिइएको थियो (२ तिमोथी १:९)।

यो तपाईंको इच्छा हो कि म तपाईंको पवित्र वचनमा मेरो जीवन पंक्तिबद्ध गर्दछु। तपाईंले मलाई देखाउनुभएको सबै कुराहरूको आज्ञाकारितामा बाँच्ने अनुग्रह मलाई दिनुहोस्। तपाईंले भन्नुभयो, "तपाईं ज्योतिमा हुनुभएझैं यदि म पनि ज्योतिमा हिंड्छु भने, म तपाईंसँग संगति गर्दैछु र तपाईंको पुत्र येशू ख्रीष्टको रगतले मलाई सबै पापहरूबाट शुद्ध पार्दैछ (१ यूहन्ना १:७)।

म सबै ज्योतिमा हिडनबाट कहिल्यै पनि पछि नफर्कू जसले तपाईंलाई पीडा दिन सक्छ (भजनसंग्रह ७८:१४)।

पावलले जस्तै म पनि “ख्रीष्ट येशू मेरा प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानि नै ठान्दछु।  म सधैं मेरो आफ्नै इच्छा र आकांक्षाको सट्टा तपाईं र तपाईंको इच्छालाई रोज्छु। (फिलिप्पी ३:८)।

## अर्जीबिन्ती

**“हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्” – हाम्रा *स्रोतहरू***

प्रिय पिता, तपाईंले भन्नुभएको थियो कि यदि मैले पहिले तपाईंको राज्य र तपाईंको धार्मिकताको खोजी गरें भने र यदि मैले तपाईंलाई मेरो जीवनमा पहिलो स्थान दिएँ भने तपाईंले मेरो सबै भौतिक आवश्यकताहरू पूरा गर्नुहुनेछ (मत्ती ६:३३)।

मलाई यो सम्झन मद्दत गर्नुहोस् कि मैले तपाईंलाई मेरो जीवनमा पहिलो स्थान दिने एउटा तरिका भनेको मेरो कमाईको दशांश (१०%) तपाईंलाई फिर्ता दिनु हो (लेवीहरू २७:३०)। हे परमप्रभु, मेरो प्रबन्धकको रूपमा म तपाईंमाथिको मेरो भरोसा र निर्भरतालाई स्वीकार गर्न यसो गर्छु।

यदि मैले तपाईंलाई मेरो दशांशद्वारा सम्मान गर्न असफल भएँ भने, तपाईं मलाई भन्नुहुन्छ कि मैले तपाईंलाई ती कुराहरूबाट लुट्दैछु जुन अधिकारपूर्ण तपाईंका हुन् (मलाकी ३:८)। यदि मैले दशांश दिइनँ भने, तपाईंले मेरो कमाई भक्षकलाई नष्ट गर्न दिनुहुनेछ भनेर तपाईंले मलाई चेताउनी दिनुभयो (मलाकी ३:१०)।

मेरो आर्थिक मामिलामा तपाईंको आज्ञापालन गर्न विश्वासयोग्य हुन मलाई मद्दत गर्नुहोस्।

हे पिता, कृपया मेरो परिस्थितिको बारेमा मैले कहिल्यै गनगन वा गुनासो गरेकोभए मलाई क्षमा गरिदिनुहोस्।

तपाईंको हातबाट आएका कुराहरू बाहेक मेरो जीवनलाई कुनै पनि कुराले छुन सक्दैन भनेर मलाई थाहा छ (कलस्सी ३:३)। म जे छु र मसँग भएका सबै कुरामा तपाईंमाथि भरोसा गर्न मलाई सहायता गर्नुहोस्। तपाईं मेरो लागि योग्य हुनुहुन्छ जसको लागि म हकदार छु।

भौतिक र शारीरिक समस्याहरूको चिन्ता गरेकोमा पनि मलाई क्षमा गर्नुहोस्।

तपाईंको प्रतिज्ञाको लागि म तपाईंलाई धन्यवाद दिन्छु: तर मेरा परमेश्वरले ख्रीष्ट येशूद्वारा महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको सबै खाँचो पूरा गर्नुहुनेछ" (फिलिप्पी ४:१९)।

म ... (मेरो वर्तमान आवश्कता) को लागि प्रार्थना गर्दछु।

तपाईंले पहिले नै गरिसक्नुभएको सबै कुराहरू सम्झन र कृतज्ञ हुन मलाई मद्दत गर्नुहोस्!

म ... (संसारभरि खाँचोमा परेकाहरू) को लागी प्रार्थना गर्दछु।

म स्थानीय, प्रदेश र राष्ट्रिय सरकारका ओहदाहरूमा आसीन हुनेहरूका लागि प्रार्थना गर्छु। तपाईंले तिनीहरूलाई तपाईंको वचनका सिद्धान्तहरूद्वारा डोर्याउनुहुनेछ भनेर म प्रार्थना गर्छु। तिनीहरूले तपाईंको आदर गर्नेछन् र धार्मिकताले राज्य गर्नेछ भनेर अवसर प्रदान गर्नुहोस्। कृपया, दुष्टताको उद्देश्यलाई विफल पार्नुहोस् र तपाईंको इच्छा पूरा होस्। "राजाहरू र सबै उच्च पदमा भएकाहरूका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं।" (१ तिमोथी २:२)।

## पाप–स्वीकार/मेलमिलाप

**"हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं" – *मेलमिलाप***

भजनरचयिताले भने, "मैले आफ्नो पाप तपाईंको सामुन्ने स्वीकार गरें, र मेरो अधर्म मैले लुकाइनँ। मैले भनें, "म आफ्ना अपराध परमप्रभुको सामुन्ने स्वीकार गर्नेछु।" र तपाईंले मेरो पापको दोष क्षमा गर्नुभयो। (भजनसंग्रह ३२:५)

हे परमप्रभु, मलाई कसैसितको तिक्तताले मेरो आत्मालाई विषाक्त हुन नदिनुहोस्। किनकि तपाईंले भन्नुभएको छ यदि मेरो हृदयमा तीतोपनको जरो हुर्कियो भने धेरै मानिसहरू अशुद्ध पार्नेछ (हिब्रू १२:१५)।

यदि मैले दया र साँचो ईसाई प्रेमले व्यवहार नगरेको कोही छ भने, कृपया तिनीहरूलाई मेरो सम्झनामा ल्याउनुहोस्, र आफैलाई नम्र बनाउन र तिनीहरूसँग क्षमा माग्न मलाई साहस र अनुग्रह दिनुहोस् ।

तपाईं घमण्डीहरूको विरोध गर्नुहुन्छ तर नम्रहरूलाई अनुग्रह दिनुहुन्छ भनेर तपाईंले भन्नुभएको छ (याकूब ४:६) । मलाई नम्र बनाउनुहोस् ताकि म तपाईंको अनुग्रह प्राप्त गर्न सकूँ ।

## आत्मिक लड़ाईं

**"हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस्" — हाम्रो *सुरक्षा***

तपाईंले भन्नुभयो, ख्रीष्ट येशूका असल सिपाहीँझैं दुःख-भोगमा हामीसँग सहभागी होऊ । सेनामा भर्ना भएको सिपाही अरू धन्धामा अल्झँदैन, किनकि उसलाई भर्ना गर्नेलाई सन्तुष्ट पार्नु नै उसको लक्ष्य हुन्छ । (२ तिमोथी २:४)

येशू मेरो सेनापति हुनुहुन्छ । उहाँका सबै आज्ञाहरू पालन गर्न मलाई मद्दत गर्नुहोस् ।

हे पिता, आज तपाईंमा आत्मिक तवरमा बलियो हुन सकूँ ।

तपाईंले भन्नुभयो, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ । दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर । किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो । (एफिसी ६:१०-१२)

हे पिता, मलाई परमेश्वरका सारा हातहतियार उठाएर, र खराब दिनको सामना गर्न र सबै काम गरेर खड़ा हुन मदत गर्नुहोस् । (एफिसी ६:१३)

## प्रशंसा र धन्यवाद

**"किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्" — *प्रशंसा*को साथ समाप्त गर्नुहोस् ।**

हे परमप्रभु, महानता, शक्ति, महिमा, गौरव र ऐश्वर्य तपाईंकै हुन्, किनकि स्वर्ग र पृथ्वीमा भएका सबै कुरा तपाईंकै हुन् । हे परमप्रभु, राज्य तपाईंकै हो, अनि सबैमाथि तपाईं सर्वोच्च हुनुहुन्छ । (१ इतिहास २९:११)

तपाईंको कृपामा म आनन्द मनाउनेछु र खुशी हुनेछु, किनकि तपाईंले मेरो विपत्ति देख्नुभयो, र मेरो प्राणको वेदना तपाईंले जान्नुभयो । (भजनसंग्रह ३१:७)

तपाईंले भन्नुभयो, हे परमप्रभुमा आशा राख्ने सबै जना हो, शक्तिशाली होओ, अनि ढाड़स गर । (भजनसंग्रह ३१:२४)

परमप्रभुले मलाई आशिष दिनुहोस् र मेरो रक्षा गर्नुहोस् । परमप्रभुले ममा आफ्नो अनुहार चम्काइदिनुहोस् । परमप्रभुले ममाथि अनुग्रह गर्नुहोस् । परमप्रभुले आफ्नो चेहरा ममा प्रकाश गरून् र मलाई शान्ति दिनुहोस् (गन्ती ६:२४-२६) ।

"अनि उहाँमा हाम्रो विश्वास यो छ कि, यदि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ । अनि यदि हामी जान्दछौं कि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ, हामी जे माग्छौं, हामी जान्दछौं कि हामीसँग ती बिन्तीहरू छन् जुन हामी उहाँबाट चाहन्थ्यौं ।" (१ यूहन्ना ५:१३,१४)

**म यो प्रार्थना येशूको नाउँमा गर्दछु, आमेन**

# धर्मशास्त्र अनुसूचि

**उत्पत्ति १,** २१
**उत्पत्ति २४,** ११

**प्रस्थान १५,** १२
**प्रस्थान ३४,** २१, २९

**लेवीहरू २०,** ७०
**लेवीहरू २२,** ८०
**लेवीहरू २७,** ८३

**गन्ती ६,** ८६

**व्यवस्था ४,** ११
**व्यवस्था ६,** ५५
**व्यवस्था १०,** ११, ५५
**व्यवस्था ११,** ५६
**व्यवस्था २६,** ११
**व्यवस्था ३२,** ७७

**१ राजा २२,** ५८
**१ राजाहरू ८,** ११

**१ इतिहास २९,** १९, ५२, ७५, ८६

**२ इतिहास ४,** ४९
**२ इतिहास ७,** ५०
**२ इतिहास १८,** ५८
**२ इतिहास २०,** ३५, ५८

**भजनसंग्रह २,** २२
**भजनसंग्रह ३,** ५५
**भजनसंग्रह ४,** १९, ४१, ५८
**भजनसंग्रह ५,** २०, ४१, ७५
**भजनसंग्रह ६,** ७५
**भजनसंग्रह ८,** ३५
**भजनसंग्रह ९,** ४३
**भजनसंग्रह ११,** ३५
**भजनसंग्रह १२,** ४
**भजनसंग्रह १५,** १५
**भजनसंग्रह १६,** ७५
**भजनसंग्रह १८,** ३३
**भजनसंग्रह १९,** २१, ७७
**भजनसंग्रह २३,** ७८
**भजनसंग्रह २४,** २५, ७७
**भजनसंग्रह २५,** ७७
**भजनसंग्रह २७,** ३७, ६७
**भजनसंग्रह २९,** ३५
**भजनसंग्रह ३१,** ८६
**भजनसंग्रह ३२,** ८४
**भजनसंग्रह ३३,** २१, २४, ५२
**भजनसंग्रह ३४,** ३३
**भजनसंग्रह ३७,** ५५
**भजनसंग्रह ४०,** ५५, ५६
**भजनसंग्रह ४२,** ५५
**भजनसंग्रह ४३,** ७७
**भजनसंग्रह ५१,** २९, ७७
**भजनसंग्रह ६२,** ६
**भजनसंग्रह ७३,** ६९
**भजनसंग्रह ७५,** ५८
**भजनसंग्रह ७८,** ८२
**भजनसंग्रह ८५,** १४
**भजनसंग्रह ८६,** १७, ३९, ६३, ७३

**भजनसंग्रह ८९,** ४६, ६७, ८१
**भजनसंग्रह ९१,** ७९
**भजनसंग्रह ९४,** ३०
**भजनसंग्रह ९७,** १३, २३
**भजनसंग्रह ९९,** १३, ३५
**भजनसंग्रह १००,** ५५
**भजनसंग्रह १०३,** ९, ११, १७, २२, ५१, ६३, ७३
**भजनसंग्रह १०४,** ६९
**भजनसंग्रह १०५,** ४६
**भजनसंग्रह ११३,** ३३
**भजनसंग्रह ११६,** ६०
**भजनसंग्रह ११७,** ३३
**भजनसंग्रह ११८,** २३
**भजनसंग्रह ११९,** १२, १९, २१, ३०, ५१, ५६, ६४, ६५
**भजनसंग्रह १२१,** ३१
**भजनसंग्रह १३०,** ६३
**भजनसंग्रह १३९,** ११, १७, ३९, ६३
**भजनसंग्रह १४१,** १५
**भजनसंग्रह १४५,** २४, ५६, ५७, ८१
**भजनसंग्रह १४७,** २१, ५७

**हितोपदेश ३,** ६२, ७४
**हितोपदेश ८,** ४३
**हितोपदेश ९,** २४
**हितोपदेश २१,** ५८
**हितोपदेश २३,** ४३
**हितोपदेश ३०,** ९

**उपदेशक १,** ४८

**यशैया ६,** ४६
**यशैया ९,** ६८
**यशैया ११,** ६९
**यशैया ३८,** १७, ५१, ६३
**यशैया ४०,** १३, ३१, ३५, ६५
**यशैया ४१,** ५२, ५७
**यशैया ४३,** १७, ५१, ५२
**यशैया ५०,** ३४
**यशैया ५३,** १०
**यशैया ५७,** १२
**यशैया ६३,** ६७, ६८
**यशैया ६४,** २७

**यर्मिया २३,** २५
**यर्मिया ३१,** १७, ५१, ६३
**यर्मिया ३२,** २१, ५३
**यर्मिया ३३,** १४, ४७, ६०

**विलाप ३,** ९

**दानिएल २,** २१, ५८, ८१
**दानिएल ४,** २५

**होशे २,** १४, २६, ७१

**मीका ७,** १७, ५१

**मलाकी ३,** ८३

**मत्ती २,** २५
**मत्ती ५,** ४४, ५०, ५९, ७४
**मत्ती ६,** १५, २८, ३७, ४९, ५५, ६१, ८३
**मत्ती ८,** १६
**मत्ती ९,** १४, ८१
**मत्ती ११,** ५६
**मत्ती १२,** २२, २६
**मत्ती १६,** २२
**मत्ती १९,** २१
**मत्ती २२,** ५५
**मत्ती २५,** ८१

**मर्कूस १,** ६८
**मर्कूस ११,** १७, ६३
**मर्कूस १२,** २१

**लूका १,** २१, ५३, ६८
**लूका ४,** ५७
**लूका ६,** ४४
**लूका १७,** ५९
**लूका १९,** ४७
**लूका २२,** १९, ४०, ६५
**लूका २४,** ४५
**यूहन्ना १,** १८, २५, ५७, ६८
**यूहन्ना ३,** ४५
**यूहन्ना ४,** ६, १०, १३, २६, ३६
**यूहन्ना ५,** ९
**यूहन्ना ६,** १४, २६, २९, ३६, ४७, ४८, ५६
**यूहन्ना ८,** ६८, ७८
**यूहन्ना १०,** ५६, ७८
**यूहन्ना ११,** ७८
**यूहन्ना १४,** २३, ५६, ५७, ६९
**यूहन्ना १५,** ३३, ६१, ६८, ७८
**यूहन्ना १६,** १०, ६९
**यूहन्ना १७,** १०
**यूहन्ना १८,** ३६

**प्रेरित १,** ५७
**प्रेरित ३,** ६८
**प्रेरित ९,** १०
**प्रेरित २४,** ३०
**प्रेरित २६,** २६

**रोमी २,** १३, २४
**रोमी ५,** ३४, ७८
**रोमी ६,** १०, ४४
**रोमी ८,** १०, २३, २८, ४५
**रोमी ११,** २१
**रोमी १२,** १८, ६०
**रोमी १३,** ४०
**रोमी १४,** ३६
**रोमी १५,** ४७

**१ कोरिन्थी ६,** ७९
**१ कोरिन्थी १०,** १५, ३८, ८०

**२ कोरिन्थी १,** ५७
**२ कोरिन्थी ३,** ४६
**२ कोरिन्थी ४,** ३७
**२ कोरिन्थी ५,** २२, ५५
**२ कोरिन्थी ७,** ४५
**२ कोरिन्थी १०,** १९, ४१, ७४
**२ कोरिन्थी १२,** ५७

**गलाती १,** ५६
**गलाती ५,** १०, २३, ७९
**गलाती ६,** ४४

**एफिसी १,** ३४
**एफिसी २,** ९, ४५
**एफिसी ३,** १०, २३, ७५
**एफिसी ४,** ११, २९, ४५, ६८, ६९
**एफिसी ५,** १०, ४५, ६१
**एफिसी ६,** १८, १९, ३१, ४०, ४१, ५२, ६४, ६५, ७४, ८५

**फिलिप्पी २,** ९, ३४, ४७, ५९
**फिलिप्पी ३,** ८३
**फिलिप्पी ४,** १६, २८, ३८, ४९, ५२, ६१, ६२, ७२, ८४

**कलस्सी १,** ३४, ३७, ५६, ८१
**कलस्सी २,** ४८, ६७
**कलस्सी ३,** ५०, ५६, ५९, ७२, ८३
**कलस्सी ४,** ३७

**१ थेसलोनिकी ५,** ६१, ७१

**२ थेसलोनिकी ३,** १८, ५१

**१ तिमोथी १,** २५, ५०
**१ तिमोथी २,** १७, २९, ३८, ८४

**२ तिमोथी १,** ८०, ८२
**२ तिमोथी २,** २७, ३७, ५१, ६४, ८५
**तीतस २,** ७०

**हिब्रू २,** २२
**हिब्रू ४,** ९, २२
**हिब्रू ७,** २३
**हिब्रू १०,** २७, ३०
**हिब्रू १२,** २२, ६८, ८४
**हिब्रू १३,** ५६, ६०, ६८

**याकूब १,** ६७
**याकूब ३,** ७२, ७३, ७४
**याकूब ४,** ६, ८५
**याकूब ५,** ७३

**१ पत्रुस १,** १२, १३, २२, २४, ७०
**१ पत्रुस २,** ६०
**१ पत्रुस ५,** ४७, ६८

**२ पत्रुस ३,** ८२

**१ यूहन्ना १,** ९, ३९, ८२
**१ यूहन्ना २,** १०
**१ यूहन्ना ३,** ३०, ५०, ७०
**१ यूहन्ना ४,** २१
**१ यूहन्ना ५,** ४, ४१, ५३, ८६

**यहूदा १,** ३४

**प्रकाश १,** १०, ५६, ६७
**प्रकाश ५,** ३४
**प्रकाश १२,** ७४
**प्रकाश १५,** ६८
**प्रकाश १७,** २४, २५
**प्रकाश १९,** ६८
**प्रकाश २२,** ६८, ८१